# सौर्य दैनिक

www.souryaonline.com

वर्ष १३ | अंक १५ | मंगलबार, २२ फागुन २०८० | SOURYA NATIONAL DAILY | Tuesday, 5 March 2024 | पृष्ठ : ८ | मूल्य रू. ५




यस भित्र

## १ वर्षपछि एमालेको सत्तारोहण, ठुलो दल फेरि सत्ताविहीन

# कोसीबाट खटपट सुरु, टिआरसीले ब्लास्ट !



- गठबन्धन दलबीच लिखित सहमति
- राष्ट्रियसभा अध्यक्ष माओवादीलाई
- प्रचण्ड-ओली आलोपालो प्रधानमन्त्रीको 'भद्र' सहमति
- माधव नेपालको प्रधानमन्त्री 'च्याप्टर क्लोज'

**सौर्य समाचार**

काठमाडौं । १ वर्षअघि एकाएक फेरिएको सत्ता समीकरणपछि संघदेखि प्रदेश सरकारसम्मबाट बाहिरिन पुगेको नेकपा एमाले १ वर्षपछि पुनः सत्तामा 'कमब्याक' भएको छ। आमनिर्वाचनपछि २०७९ साल पुस १० मा एमाले-माओवादीसहितका दल मिलेर बनेको गठबन्धन बीचमै तोडिएपछि एमाले फागुन १६ मा सरकारबाट बाहिरिएको थियो ।

१ वर्षअघि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले तत्कालीन समयमा एमाले, माओवादी, जसपा, रास्वपा र राप्रपासहितको गठबन्धन तोडेर चुनावताकाकै कांग्रेस नेतृत्वको गठबन्धन बनाएका थिए । उनले त्यसबेला फेरिएको समीकरण

### एमालेलाई राष्ट्रियसभाको अध्यक्ष दिएर भए पनि टिआरसी विधेयकमा फकाउने रणनीति लिएका प्रचण्डलाई सत्ता गठबन्धन नै फेरबदल गर्नुपर्ने एमाले अध्यक्ष केपी शर्मा ओलीको अडानले गलायो

पाँचै वर्ष टिक्ने दाबी गरेका थिए। जसमा प्रचण्ड, कांग्रेस सभापति शेरबहादुर देउवा र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल आलोपालो प्रधानमन्त्री हुने सहमति थियो ।

कांग्रेससँगको गठबन्धन भत्किनुमा केही मुख्य कारणले भूमिका खेलेका छन् । जसमा प्रधानमन्त्री र अर्थमन्त्री डा. प्रकाशशरण महतबीचको टकराव र भर्खरै सम्पन्न राष्ट्रियसभा सदस्यको निर्वाचनमा कांग्रेसले आफूलाई असहयोग गरेको माओवादीको बुझाइ मुख्य हुन् ।

हुन त ५ वर्षका लागि भनेर बनेको उक्त गठबन्धन यस्तै विभिन्न कारणले १ वर्षभन्दा बढी टिक्न सकेन । पछिल्लो समय प्रधानमन्त्री प्रचण्डले मन्त्रिपरिषद् हेरफेर गर्न चाहे पनि कांग्रेसले असहयोग गर्दा सकेका थिएनन् । जसकारण प्रधानमन्त्रीले ठुलै दबाब थेग्दै आएका थिए ।

प्रधानमन्त्रीलाई अर्थमन्त्रीले पूर्ण रूपमा असहयोग गरेको कुरा गठबन्धनभित्रै चर्चाको विषय बन्ने गरेको थियो । प्रधानमन्त्रीले भनेका

बाँकी पृष्ठ २

## ३ मन्त्रीले लिए शपथ

काठमाडौं । कांग्रेस-माओवादी गठबन्धन भत्किएर नयाँ गठबन्धन बनेसँगै प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नियुक्त गरेका ३ मन्त्रीले शपथ लिएका छन् । सोमबार गत वर्ष बनेको समीकरण भत्काउँदै माओवादी अध्यक्षसमेत रहेका प्रचण्डले एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी, जसपालगायत दललाई साथमा लिँदै नयाँ गठबन्धन बनाएका थिए ।

प्रचण्डले नियुक्त गरेका माओवादीका तर्फबाट हितबहादुर तामाङ, एमालेका तर्फबाट पदम गिरी र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का तर्फबाट डोरप्रसाद अर्याल (डिपी) लाई राष्ट्रपति रामचन्द्र पौडेलले सोमबार नै शपथ ग्रहण गराएका हुन् ।

नयाँ तीनै जनाले बिनाविभागीय मन्त्रीका रूपमा शपथ लिएका छन् । उनीहरूको मन्त्रालय दलहरूबीच छलफल गरी टुंग्याउने बताइएको छ भने गठबन्धनमा थपिने दल र मन्त्रीको नियुक्तिका लागि

बाँकी पृष्ठ २

## ओली-प्रचण्ड आलोपालो माधव नेपाल आउट !

काठमाडौं । प्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीबीच सरकारको बाँकी कार्यकाल आधा-आधा बाँड्ने सहमति भएको छ ।

नयाँ बनेको सत्ता गठबन्धनमा माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' थप २ वर्ष प्रधानमन्त्री बन्ने भएका छन् । त्यसपछिको बाँकी २ वर्ष एमाले अध्यक्ष केपी शर्मा ओलीलाई प्रधानमन्त्री दिनेबारे प्रारम्भिक सहमति भएको छ । यद्यपि यो विषय सोमबार साँझ ४ दलबीच भएको लिखित सहमतिमा भने समेटिएको छैन । यसलाई दलहरूले 'भद्र सहमति' भनेका छन् ।

तर, नयाँ गठबन्धनले नेकपा एसलाई भने घाटा भएको देखिन्छ । प्रचण्ड र ओलीबीच नयाँ सहमति भएपछि नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल प्रधानमन्त्री बन्ने च्याप्टर भने अब बन्द भएको छ । नेकपा एस सरकारमा जाने भए पनि अघिल्लो गठबन्धनमा माधव नेपाललाई प्रधानमन्त्री बनाउनेबारे भएको सहमति भंग भएको हो ।

२०७९ को चुनावी तालमेल हुँदा नै पुरानो गठबन्धनका बीचमा क्रमशः प्रचण्डले २, माधवकुमार नेपालले १ र शेरबहादुर देउवाले २ वर्ष सरकार चलाउने सहमति भएको थियो ।

पुस १० मा माओवादी अध्यक्ष प्रचण्ड एमालेको समर्थनमा प्रधानमन्त्री बनेका थिए । त्यतिबेला ओली र प्रचण्डका बीचमा अढाई/अढाई प्रधानमन्त्री हुने सहमति थियो । तर, गठबन्धनको २ महिनामै प्रचण्डले गठबन्धन फेरेर कांग्रेसको साथ लिएपछि एमालेले सरकार छाडेको थियो । एमाले सरकारबाट बाहिरिएको १ वर्षपछि फेरि प्रचण्डसँगको पुरानो गठबन्धन ब्युँत्याएर सरकारमा सहभागी हुने निर्णय गरेको हो ।

### केन्द्रको समीकरणले प्रदेशमा अन्योल

## मध्यावधिबाट जोगिएला कोसी ?

**सौर्य समाचार**

काठमाडौं । केन्द्रको राजनीतिमा उथलपुथल आएसँगै प्रदेश राजनीति कसरी अघि बढ्ला भन्ने चासो व्याप्त भएको छ । संघ सरकारको समीकरण फेरबदल भएसँगै प्रदेशको समीकरणमा पनि स्वतः प्रभाव पर्ने हुँदा कुन प्रदेशमा कस्तो समीकरण बन्छ भन्ने विषय मुख्य बनेको छ ।

यसअघि कांग्रेस-माओवादी गठबन्धनका आधारमा बनेका प्रदेश सरकारहरू जोखिममा परेका छन् । हाल सुदूरपश्चिमसहित लुम्बिनी, गण्डकी र कोसी सरकारको नेतृत्व कांग्रेसले गरिरहेको छ । यस्तै, कर्णाली र बाग्मतीमा माओवादी र मधेसमा जसपा नेतृत्वको सरकार छ ।

कांग्रेसले नेतृत्व गरेका प्रदेशमा मात्रै नभई नयाँ गठबन्धनले जसपाको नेतृत्वमा रहेको मधेस सरकारलाई पनि असर गरेको छ । गठबन्धनमा सहभागी हुने विषयमा मधेस सरकारको नेतृत्वमा जसपा र सिके राउत नेतृत्वको जनमत पार्टीले दाबी गरिसकेका छन् ।

माओवादीले नेतृत्व गरेका २ प्रदेश तथा कोसीबाहेक अन्यमा पूरै सरकार नै परिवर्तन हुनेछ । कांग्रेसले नेतृत्व गरेका प्रदेश सरकार फालेर आलोपालो नेतृत्व गर्ने समझदारी एमाले र माओवादीबीच भइसकेको छ ।

कोसी प्रदेशमा भने जटिलता थपिएको छ । कोसीमा मुख्यमन्त्री बन्ने अन्तिम अस्त्र संविधानको धारा १६८ (५) अनुसार कांग्रेसका केदार कार्कीको



नेतृत्वमा सरकार बनेकाले यो सरकार विस्थापन हुनेबित्तिकै मध्यावधि चुनावमा जाने अवस्था आउने हुन्छ ।

मुख्यमन्त्रीले राजीनामा नदिए पुनः विश्वासको मत लिनुपर्ने र विश्वासको मत पाउन नसके मध्यावधिमा जान सक्ने अधिकार संविधानले दिएका कारण कोसीको सरकार ढालेर मध्यावधिमा जाने वा केदार कार्की नेतृत्वको सरकार स्वीकार्ने भन्ने गठबन्धनले गर्ने निर्णयमा यो सरकारको भविष्य निर्धारण हुन्छ ।

केन्द्रको समीकरण फेरिएसँगै एमालेले कोसीका मुख्यमन्त्री केदार कार्कीको राजीनामा मागिसकेको छ । २७ असोजमा एमालेका ३९ सांसद र आफ्ना दलबाट विद्रोह गरी आफूलाई साथ दिएका ८ सांसदको समर्थनमा कांग्रेसका कार्की मुख्यमन्त्री बनेका थिए भने पछि राप्रपाबाहेक नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, एकीकृत समाजवादी र जसपाले पनि विश्वासको मत दिएका थिए । नेकपा एमाले कोसी प्रदेश प्रमुख सचेतक रेवतीरमण भण्डारीले मुख्यमन्त्री केदार कार्कीले तत्काल राजीनामा दिनुपर्ने बताए । ७ मध्ये हाल कुनै पनि प्रदेशमा कसैको एकल बहुमत छैन । अहिलेको अवस्थामा सबै प्रदेशमा एमाले र माओवादीसहितका नयाँ सत्ता साझेदार दलहरूको सुविधाजनक बहुमतमा पुग्छ ।

**मधेसको मुख्यमन्त्रीमा जसपा र जनमतको अडान**

केन्द्र सरकारमा नयाँ गठबन्धन तयार भएसँगै केन्द्रदेखि प्रदेशको भागबन्डामै अबका केही दिन राजनीतिक कोर्स व्यस्त हुने देखिएको छ । अरू प्रदेशमा भागबन्डालाई आलोपालो वा बाँडीचुँडी गर्न खासै समस्या नदेखिए पनि मधेस प्रदेशमा भने समस्या देखिएको छ ।

गठबन्धनमा सहभागी हुन जनता समाजवादी पार्टी र जनमत पार्टी दुवैले मुख्यमन्त्रीको बार्गेनिङ गरेका छन् । जसपा र जनमतले मधेस प्रदेशमा आफू नेतृत्वको सरकार भए मात्रै संघीय सरकारमा सहभागी हुने अडान लिएका छन् । जनमत पार्टीको सचिवालय बैठकले नयाँ सत्ता गठबन्धनमा सहभागी हुन आफ्नो पार्टीलाई मधेस प्रदेशको मुख्यमन्त्री दिनुपर्ने सर्त राखेको छ भने जसपाको अडान पनि त्यही छ ।

अहिले मधेस प्रदेशमा जसपाका सरोजकुमार यादव मुख्यमन्त्री छन् । पछिल्लो समय मधेस प्रदेशमा जनमत र जसपाबीच बारम्बार टकराव हुँदै आएको छ । दुवै दल मधेसको राजनीतिमा आफ्नो

### संघीय निजामती विधेयक

## पालिकाको हाकिम संघबाटै, उमेर हद ६० वर्ष

**सौर्य समाचार**

काठमाडौं । संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्तसम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० संसद्मा दर्ता भएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आइतबार प्रतिनिधिसभामा उक्त विधेयक दर्ता गरेको हो ।

संसद्मा दर्ता भएको विधेयकमा निजामती कर्मचारीलाई श्रेणीगतबाट तहगत प्रणालीमा लगिने प्रस्ताव गरिएको छ । साथै आवास सुविधा, सरकारी सुविधा, विशेष आर्थिक सुविधा तथा स्वास्थ्य बिमा योजनालगायत व्यवस्था प्रस्ताव गरिएको छ । संघीय निजामती सेवाअन्तर्गत ११ वटा सेवा राखिएका छन् । नेपाल आर्थिक योजना तथा तथ्यांक सेवा, इन्जिनियरिङ, कृषि, न्याय, परराष्ट्र, प्रशासन, लेखापरीक्षण, वन, शिक्षा, सूचना प्रविधि र विविध सेवा छन् ।

त्यसैगरी, तेह्रौं तहसम्म सेवा विशिष्टीकरण गर्ने प्रयोजनका लागि विभिन्न ६ वटा सेवा रहने गरी समूहीकरण (क्लस्टर) गरिएको छ । यसमा इन्जिनियरिङ, कृषि तथा वन, न्याय, परराष्ट्र, प्रशासन र लेखापरीक्षणलाई समावेश गरिएको छ ।

त्यसैगरी, संघीय निजामती कर्मचारीका विभिन्न श्रेणी र तहको व्यवस्था गरिएको छ । विधेयकमा राजपत्रांकित विशिष्ट अधिकृत चौधौँ र तेह्रौं तह हुनेछ । राजपत्रांकित प्रथममा बाह्रौं र एघारौं तह रहनेछ । राजपत्रांकित द्वितीयमा दसौं र नवौं तह छन् । छैटौं, सातौं र आठौं तहलाई राजपत्रांकित द्वितीय मानिएको छ । पहिलोदेखि पाँचौं तहसम्म राजपत्र अनंकित श्रेणीका रुपमा वर्गीकरण गरिएको छ ।

संघीय निजामती सेवाको रिक्त पदमा




खुला प्रतियोगिता, अन्तरसेवा प्रतियोगिता र बढुवाद्वारा पूर्ति गरिनेछ । बढुवालाई ज्येष्ठता र कार्य सम्पादन मूल्यांकनद्वारा बढुवा र आन्तरिक प्रतियोगिताबाट बढुवा गरिनेछ । खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये ४९ प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी त्यसको ५० प्रतिशत पदमा महिलाबीच मात्र र बाँकी ५० प्रतिशतमा अन्य समूहका उम्मेदवारबीच मात्र प्रतिस्पर्धा गराइनेछ ।

महिलाबीच मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गर्नका लागि छुट्याइएको ५० प्रतिशत पदलाई शतप्रतिशत मानेर महिला उम्मेदवारबीच पनि विभिन्न समूहमा प्रतिस्पर्धा गराइनेछ । महिला समूहभित्र पनि विभिन्न समूहमा आरक्षणसहित प्रतिस्पर्धा गराइनेछ । महिला समूहमा खसआर्यलाई २७ प्रतिशत, आदिवासी जनजातिलाई २५ प्रतिशत, मधेसी १५ प्रतिशत, दलित १२ दशमलव ७ प्रतिशत, थारू ६ दशमलव ६ प्रतिशत, मुस्लिम ४ प्रतिशत, पिछडिएको क्षेत्र ४ प्रतिशत र अपांगता भएका व्यक्तिलाई ४ प्रतिशत आरक्षणको प्रस्ताव गरिएको छ ।

निजामती कर्मचारीमा अस्थायी नियुक्ति दिनुपर्दा लोकसेवा आयोगले सञ्चालन गरेको परीक्षामा स्थायी नियुक्तिका लागि सिफारिस नभएका उम्मेदवारबाट नियुक्त गरिनेछ । अस्थायी नियुक्ति गर्ने प्रयोजनका लागि सूची प्रकाशन गर्ने र सो सूचीमा रहेकामध्येबाट योग्यताक्रमका आधारमा अस्थायी कर्मचारी नियुक्त गरिनेछ ।

राजपत्रांकित विशिष्ट श्रेणीका कर्मचारीको पदावधि मुख्य सचिव वा सर्वोच्च अदालतको मुख्य रजिस्ट्रारको पदावधि ३ वर्ष र सचिवको पदावधि ५ वर्ष रहेको छ । एक आर्थिक वर्षमा बढीमा ३ महिनाका लागि मात्र काज खटाउन सकिने व्यवस्था विधेयकमा राखिएको छ ।

संघीय निजामती सेवाको पदमा बढुवाका लागि उम्मेदवार हुन राजपत्र अनंकित पदका लागि ५ वर्ष र राजपत्रांकित पदका लागि ७ वर्ष सेवा अवधि आवश्यक हुने प्रावधान

बाँकी पृष्ठ २

झापा विद्रोह

# इतिहासको पानामा पुरुषको नाम, भुलियो महिलाको योगदान

सौर्य समाचार



काठमाडौँ । हिजो अर्थात् २१ फागुनमा नेकपा एमाले र उसका भ्रातृ संगठनले सुखानी स्मृति दिवस मनाएका छन् । झापाको सुखानीमा नेकपा एमालेले श्रद्धाञ्जली कार्यक्रम आयोजना गरेको थियो । २०२९ साल फागुन २१ गते झापाको चन्द्रगढीबाट इलाम जेल सार्ने नाममा तत्कालीन झापा विद्रोहका ५ जना नेताहरू रामनाथ दाहाल, नेत्र घिमिरे, कृष्ण कुइँकेल, वीरेन राजवंशी र नारायण श्रेष्ठलाई तत्कालीन सरकारले सुखानीको जंगलमा हत्या गरेको थियो । सोही दिनको सम्झनामा झापा विद्रोहबाट उदाएको एमालेले सुखानी स्मृति दिवस मनाउने गरेको छ ।

यस्तै तत्कालीन विद्रोही माओवादीले जनयुद्धको पहिलो सहिद दिलबहादुर रम्तेल मारिएको फागुन १४ गते र सुखानी हत्याकाण्डको दिन फागुन २१ गतेलाई समेटेर ८ दिनसम्म सहिद सप्ताहका रूपमा मनाउँदै आएको छ । सोही सन्दर्भमा माओवादी अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सोमबार सुखानी सहिदका परिवारसँग भेट गरे । भेटका क्रममा उनले आफूले कम्युनिस्ट एकताका लागि थप पहल सुरु गरिसकेको बताए । सहिद परिवारका सदस्यहरू विशेश्वरा दाहाल, जीवन घिमिरे, रविन दाहाल, बुद्ध घिमिरेलगायतसँगको भेटमा प्रधानमन्त्री दाहालले सहिदप्रति उच्च सम्मान रहेको र नेपालका सबै कम्युनिस्ट शक्ति एक हुनुपर्ने आफ्नो धारणा रहेको भन्दै त्यसको सुरुआत गरेको बताएका हुन् ।

झापाको सुखानी घटना भएको १७ वर्षपछि जनआन्दोलनको बलमा मुलुकमा प्रजातन्त्र बहाली भएको जानकारहरू बताउँछन् । प्रजातन्त्र बहाली भएको २६ वर्षपछि (२०७२ फागुन १९ गते) मात्र राज्यले जीवनको आहुति दिएका ती ५ योद्धालाई सहिदका रूपमा चिनेको नेकपा एमाले प्रदेश कमिटी सदस्य गणेश पोखरेलले बताए । उनका अनुसार सुखानी हत्याकाण्ड भएको सहादत स्थलमा ५ विद्रोहीको शालिकसहित अग्लो स्मारक निर्माण गरिएको छ । शालिक राखिनुअघि त्यहाँ ५ वटा रूखको फेदमा फलामको बेराभित्र सिमेन्टको सानो स्मारक मात्र थियो । झापा विद्रोहलाई सम्झिएर विद्रोहीहरूप्रति श्रद्धासुमन अर्पण गर्न उक्त स्थानमा बर्सेनि हजारौँ मानिस जान्छन् ।

## भुलियो महिलाको योगदान

इतिहासमा परिवर्तन ल्याउने झापा विद्रोहको अग्रदस्तामा पुरुषको नाम देखिए पनि त्यसलाई सफल बनाउन क्रान्तिकारी जोशका साथ प्रत्यक्ष वा अप्रत्यक्ष संलग्न रहेका महिलाको चर्चा भने नगन्य भइरहेको छ ।

आजसम्म विद्रोहका बारेमा लेखिएका किताब तथा लेखमा पनि महिलाको भूमिकाका बारेमा त्यति उल्लेख गरेको पाइँदैन । वास्तवमा झापा विद्रोहमा महिलाको योगदान पुरुषकोभन्दा कम नरहेको नेपाल कम्युनिस्ट पार्टी (एमाले) की केन्द्रीय सदस्य मेनुका काफ्लेले बताइन् । उनका अनुसार लीला कट्टेल, सीता खड्का, गौरा प्रसाईं, जीवन घिमिरे, रीता खड्कालगायत वीरांगना विद्रोह सुरु हुनुअघि नै क्रान्तिको तयारीका लागि भूमिगत भइसकेका थिए । क्रान्तिकालमा सुरक्षित सेल्टर दिने र राज्यको दमन खेप्ने महिलाको साहसिक कथाको अझै खोजी हुन नसकेको उनको भनाइ छ ।

'लीला कट्टेल त कोअर्डिनेसन केन्द्र (कोके) झापाकै कार्यसमिति सदस्य भएको विभिन्न दस्तावेजले देखाउँछ । सीता र गौरा उमेरका हिसाबले कलिलै भएकाले उनीहरू बालसेना (रेडगार्ड)मा आबद्ध भएर पार्टीले अह्राएका गतिविधि गरेको पार्टीको दस्तावेजमा उल्लेख छ,' काफ्लेले भनिन् । 'झापा विद्रोहमा योगदान पुऱ्याउने महिलामा एकथरी कलिलो उमेरका विद्यार्थी थिए भने अर्काथरी पति राजनीतिमा लागेपछि क्रान्तिकारी विचारबाट प्रभावित भएका पत्नी थिए,' नेकपा एमाले सल्लाहकार परिषद् सदस्य विष्णु प्रसाईंले भने, 'यसबाहेक शिक्षकका रूपमा काम गरिरहेका र किसान महिला क्रान्तिमा होमिएका थिए ।'

निरंकुश शासन भएको समाजमा महिलाले कम्युनिस्ट बनेर विद्रोहको राँको बोकेर हिँड्नु आफैँमा क्रान्तिकारी रहेको एमाले नेतृ लता प्रसाईंले बताइन् । 'पुलिसको निगरानी छल्दै सेल्टरमा दुःखपूर्वक दिनरात बिताउनु र पार्टीको गतिविधिमा सहभागी हुने क्रममा महिलाले भोगेका एकेक सास्तीहरू कथा बन्न सक्छन्,' उनले भने ।

झापा विद्रोहका योद्धाहरूलाई खाना खुवाउने, सेल्टर दिने र उनीहरूको सन्देश गाउँगाउँमा फिँजाउने काममा थुप्रै विद्यार्थी र पाका महिला सहभागी हुने गरेका प्रसाईंले जानकारी दिए । जीवन घिमिरे, विश्वश्वरा दाहाल, जानुका दाहाल, इन्दिरा चापागाईं, छायादेवी चापागाईं, नीरा प्रसाईं खरेल, रीता खड्का चौधरी, लक्ष्मी ढकाललगायत नेताहरू उक्त विद्रोहमा सहभागी भएको उनको भनाइ छ ।

नेपालमा महिलाको योगदान जहिले पनि ओझेलमा पर्ने गरेको एमाले केन्द्रीय सदस्य काफ्लेले बताइन् । आन्दोलनको बिगुल फुक्नुपर्दा र कठिन घडीमा महिलालाई अघि सार्ने गरिएको अनुभव उनले सुनाइन् । 'नारा र दस्तावेजमा महिला अधिकार र हितका कुरा धेरै पाइन्छन्,' काफ्लेले भनिन्, 'जब आन्दोलनले सफलता पाउँछ, पद र अवसर वितरणका बेला महिलालाई बिर्सने गरिन्छ । घोषणापत्र र नारा भुल्ने गरिन्छ ।'

झापा विद्रोहमा महिलाले गरेको त्याग, संघर्ष र बलिदानीको हालसम्म पनि उचित खोजी र सम्मान हुन नसकेको महिलाहरूको गुनासो छ । झापा विद्रोहका साथै २०४६ र २०६२/६३ सालको जनआन्दोलन, १० बर्से जनयुद्धलगायत विभिन्न आन्दोलनमा महिलाले अग्रणी भूमिका निर्वाह गरेको नेकपा (माओवादी केन्द्र)की केन्द्रीय सदस्य लक्ष्मी न्यौपानेले बताइन् । 'जनयुद्धमा महिलाले बन्दुक बोकेर युद्ध मैदानको कमान्डसमेत सम्हालेका थिए । आन्दोलनपछि आएको राजनीतिक परिवर्तनमा महिलाले उचित सम्मान र अवसर पाउन सकेका छैनन्,' उनले भनिन् ।

# पाशुपत क्षेत्रमा ५ दिन मदिरा र माछामासु निषेध

काठमाडौँ । महाशिवरात्री पर्वका लागि पशुपतिनाथ क्षेत्रमा मासु र मदिरा बिक्री वितरण तथा प्रयोगमा रोक लगाइएको छ । पाशुपत क्षेत्रभित्र सुरक्षालगायत धार्मिक, सांस्कृतिक मर्यादा र पवित्रता कायम राख्ने उद्देश्यले जिल्ला प्रशासन कार्यालय काठमाडौँले शिवरात्रीलाई लक्षित गर्दै बुधबारदेखि आइतबारसम्म त्यस्ता पदार्थको बिक्री वितरण तथा सेवनमा रोक लगाएको हो ।

सोमबार प्रमुख जिल्ला अधिकारी जितेन्द्र बस्नेतले सूचना जारी गर्दै फागुन २३ गतेदेखि फागुन २७ गतेसम्म कसैले पनि मासु, मदिरा तथा नशालु पदार्थहरू उत्पादन, बेचबिखन, ओसारपसार, भण्डार र सेवन नगर्न अनुरोध गरेका हुन् । मदिरा र माछामासु रोक लगाएको क्षेत्रमा गौशाला मित्रपार्क सडकदेखि पूर्व, पशुपति क्षेत्रको पूर्व सिमानादेखि पश्चिम, गौशाला तिलगंगा चक्रपथदेखि उत्तर, मित्रपार्क-उमाकुण्ड-गौरीघाट हुँदै गुहेश्वरीदेखि दक्षिण भित्रका भाग छन् ।

कसैले अटेर गरी निषेधित क्षेत्रमा निषेध गरिएका वस्तुको बिक्री वितरण तथा प्रयोग गरेको पाइएमा स्थानीय प्रशासन ऐन २०२८ अनुसार कडा कारबाही हुने प्रशासन कार्यालयले जनाएको छ । *(सौस)*


## अत्यन्त जरुरी सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त यस **आर. बि. ओभरसिज प्रा. लि.** (ई.नं. ७७२/०६५/०६६) मा एक मात्र संचालक रहि आएको जानकारी गराउछौ । यस प्रा. लि. को संचालक हु भनि युरोपियन र खाडि मुलुकहरुको मागपत्र छ भनि विभिन्न अनाधिकृत व्यक्तिहरुले रकम उठाएको भन्ने सुन्नमा आएकोले कोही कसैले पनि निजहरुलाई रकम नबुझाउनुहोला यस प्रा. लि. ले नेपाल सरकारको नियमानुसार निःशुल्क रुपमा मात्र बैदेशिक रोजगारीमा कामदारहरु पठाउने भएको हुनाले अनाधिकृत व्यक्तिहरुको प्रलोभनमा परी आर्थिक लगायत अन्य कारोबार नगर्नु/नगराउनुहोला । यस प्रा. लि. को बारेमा केही बुझनुपरेमा प्रा. लि. को कार्यलय सामाखुसी-२६, काठमाडौंमा सम्पर्क गर्नुहोला । अन्यथा यस प्रा.लि. जवाफदेही नहुने ब्यहोरा यसै सुचनाद्वारा जानकारी गराईन्छ ।

**R. B. OVERSEAS PVT. LTD.**
Lic No. 772/065/066
Samakhushi- 26, Kathmandu, Nepal
Tel.: 01- 4971215, 4971043



कलैया उपमहानगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
कलैया, बारा, मधेश प्रदेश, नेपाल

**सूचना संशोधन गरिएको बारे सूचना**

(प्रकाशित मिति: २०८०।११।२०)

माछा पोखरी ठेक्का लगाउने बारेको सूचना मिति २०८०।११।१० गते सौर्य दैनिक पत्रिकामा प्रकाशित गरिएको र उक्त सूचनाको ठेक्का अवधि संशोधन गरिएको विस्तृत विवरण यस न.पा.को वेभसाइट www.kalaiyamun.gov.np र राजस्व शाखाबाट उपलब्ध गराइएको ब्यहोरा जानकारी गराईन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**


## कोसीबाट...

कतिपय आयोजनामा अर्थमन्त्रीले बजेट नछुट्याइदिने र प्रधानमन्त्रीले दिएको योजनाको सूची अर्थबाट कटौती गर्ने काम भएको बताइन्छ । जसकारण प्रचण्ड अर्थमन्त्रीसँग रुष्ट थिए । तर, अर्थमन्त्रीलाई फिर्ता गर्न प्रचण्डले गरेको आग्रह कांग्रेस सभापति शेरबहादुर देउवाले सुनेको नसुन्यै गरिदिए ।

अर्थमन्त्रीलाई फिर्ता गर्ने विषय मात्र होइन, पछिल्लो समय मन्त्रिपरिषद्मा फेरबदल गर्ने विषयमा पनि देउवा अडिग भएका कारण प्रचण्ड समस्यामा थिए । स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतविरुद्धका थुप्रै रिपोर्ट प्रचण्डसामु पुग्ने, तर मन्त्रीलाई नै कारबाही गर्न प्रचण्डलाई समस्या भइरहेको बताइएको छ ।

उता आफ्ना मन्त्रीहरूलाई फिर्ता बोलाएर नयाँ मन्त्री पठाउन देउवालाई आग्रह गर्दा देउवा नमान्ने, यता प्रचण्ड जहिले पनि दबाबमा पर्ने हुँदा प्रचण्डलाई काम गर्नै समस्या भइरहेको थियो । यिनै कारणले पनि प्रचण्डले गठबन्धन भत्काउनै सहज देखे र यसको परिणाम कांग्रेसले भोग्नुपऱ्यो ।

उता, कोसी सरकार गठनकै बेला कांग्रेसले दिएको धोकाले प्रचण्डलाई सोच्न बाध्य पारिसकेको थियो । कोसीमा कांग्रेसको एउटा समूहले एमालेसँग मिलेर सरकार बनाएपछि प्रचण्डलाई ठुलै झस्का पसेको थियो । त्यहाँ माओवादीका इन्द्र आङ्बोलाई मुख्यमन्त्री बनाउने गठबन्धनमा समझदारी भइसकेपछि कांग्रेसको विद्रोही खेमाले विकल्प खोजेको थियो । र, प्रतिपक्षी एमालेसँग मिलेर केदार कार्कीलाई मुख्यमन्त्री बनायो । त्यो रिस पनि प्रचण्डलाई थियो ।

कोसीको त्यो घटनाले बिच्किएका प्रचण्डलाई कांग्रेसले फेरि कोसीमै अर्को धक्का दियो । त्यो थियो, राष्ट्रियसभा सदस्यको निर्वाचन । राष्ट्रियसभा सदस्यको निर्वाचनताका कोसीमा माओवादी र कांग्रेसले १/१ सिट भागबन्डा लगाएका थिए । तर, निर्वाचनका बेला माओवादीलाई धोका भयो । कांग्रेसका उम्मेदवार कृष्णप्रसाद सिटौला विजयी बने भने माओवादीकी चम्पादेवी कार्की भने पराजित भइन् । त्यसबेला कांग्रेसले एमालेकी रुक्मिणी पराजुलीलाई सहयोग गऱ्यो र विजयी पनि बनायो । प्रचण्डले त्यतिबेलै गठबन्धनको स्थायित्व र आवश्यकताका बारेमा बहस जरुरी रहेको प्रतिक्रिया दिइसकेका थिए ।

कांग्रेसले माओवादीप्रति गरेको व्यवहारको लेखाजोखा गर्दै गरेका प्रचण्डलाई अर्को झस्का दिने काम कांग्रेस महासमिति बैठकले गऱ्यो । कांग्रेसभित्रका केही नेता नै माओवादीसँगको गठबन्धनमा सन्तुष्ट थिएनन् । त्यसमाथि अर्को पटक माओवादीसँग गठबन्धन नै गर्न नहुने प्रतिवेदन बैठकमा पेस भएपछि प्रचण्डलाई कांग्रेससँगको सहकार्य असहज भएको देखिन्थ्यो ।

यी सबैका कारणबीचमा पछिल्लो पटक थपियो- संक्रमणकालीन न्यायसम्बन्धी विधेयक (टिआरसी) । यो विधेयक जतिसक्दो चाँडो पारित गराउनुपर्ने दबाबमा माओवादी छ । यही विधेयकका कारण माओवादी दिनानुदिन समस्यको नजिक पुग्ने भएपछि प्रधानमन्त्री प्रचण्ड जसरी पनि यसलाई टुंग्याउन चाहन्थे । तर, सो विधेयक टुंग्याउन एमालेले थापेको अड्कोले सत्ता समीकरण नै फेरिन पुग्यो । एमालेलाई राष्ट्रियसभाको अध्यक्ष दिएर भए पनि विधेयकमा फकाउने रणनीति लिएका प्रचण्डलाई सत्ता गठबन्धन नै फेरबदल गर्नुपर्ने एमाले अध्यक्ष केपी शर्मा ओलीको अडानले गलायो । अन्ततः गत वर्षको १० पुसको परिस्थितिमा फर्किंदै प्रतिनिधिसभाको सबैभन्दा ठुलो दल नेपाली कांग्रेस पुनः एक पटक प्रतिपक्षमा पुगेको छ ।

### ४ दलबीच ८ बुँदे सहमति

नयाँ सत्ता समीकरण बनाएका ४ दलबीच ८ बुँदे लिखित सहमति भएको छ । नेकपा एमाले, माओवादी केन्द्र, रास्वपा र जसपाबीच ८ बुँदे सहमति भएको हो । ४ वटै दलका अध्यक्ष/सभापतिले हस्ताक्षर गरेको सहमतिमा राष्ट्रिय आवश्यकता र जनचाहनाअनुसार सरकारको कामलाई अझ प्रभावकारी बनाउन तथा मुलुकको सुशासन, विकास, सामाजिक न्याय र समृद्धिका प्रश्नमा समान सोच राख्ने दलहरूका बीच सहकार्य आवश्यक रहेको महसुस गरी ४ दलको संयुक्त सरकार गठन गर्ने निष्कर्षमा पुगेको उल्लेख छ ।

रिक्त रहेको राष्ट्रियसभाको अध्यक्षमा नेकपा माओवादी केन्द्रका उम्मेदवार र उपाध्यक्षमा नेकपा एमालेका उम्मेदवारलाई समर्थन गर्ने ४ दलबीच सहमति भएको छ भने सरकारमा सहभागी दलहरूबीच आपसी सहमतिमा मन्त्रालय बाँडफाँट गर्ने, मन्त्रालयको विशेषताका आधारमा वर्गीकरण गरी मिलाउने सहमति पनि भएको छ ।

यस्तै संक्रमणकालीन न्यायसम्बन्धी विधेयक, शान्ति प्रक्रिया र देशमा स्थायी शान्ति कायम गर्नका लागि यससँग सम्बन्धित अन्य विषयहरू सहमतिका आधारमा अविलम्ब टुंग्याउने उल्लेख छ ।

यसैगरी संघीयता कार्यान्वयनसँग सम्बन्धित बाँकी कानुन निर्माण गरी सबै तहका सरकारलाई प्रभावकारी बनाउन दलहरू सहमत भएका छन् । सरकारको नीति तथा कार्यक्रमलाई मार्गदर्शन गर्ने गरी सरकारमा सहभागी दलहरूका बीचमा साझा न्यूनतम कार्यक्रम तयार गर्ने, सहमतिअनुसार नयाँ संयुक्त सरकार गठन गर्ने तथा राजनीतिक स्थायित्वको दिशामा अघि बढ्ने पनि सहमति भएको छ ।

## ३ मन्त्रीले...

पनि दलहरूबीच छलफल भइरहेको बताइएको छ ।

नयाँ गठबन्धन बनेसँगै प्रधानमन्त्री प्रचण्डले आफू नेतृत्वमा रहेका सबै मन्त्रीलाई बिदा गर्दै ३ जना मन्त्री नियुक्त गरेका हुन् । उनले प्रधानमन्त्रीसहित सबै मन्त्रालयको जिम्मेवारी तत्काल आफैँसँग राखेका छन् ।

मन्त्रालय र सिट बाँडफाँटको टुंगो लगाउन ४ सदस्यीय कार्यदल बनाइएको छ । नयाँ गठबन्धनको कार्यदलमा नेकपा एमालेका तर्फबाट उपाध्यक्ष विष्णु पौडेल, नेकपा माओवादी केन्द्रबाट उपमहासचिव वर्षमान पुन, राष्ट्रिय स्वतन्त्र पार्टीबाट सभापति रवि लामिछाने र जनता समाजवादी पार्टीबाट अध्यक्ष उपेन्द्र यादव छन् ।

## पालिकाको...

राखिएको छ । तह वृद्धि गर्दा सहायक पाँचौँ, सातौँ तह, एघारौँ तहमा ७ वर्ष सेवा अवधि पूरा भई पछिल्लो ३ वर्षको कार्य सम्पादन मूल्यांकनमा कम्तीमा ९० प्रतिशत अंक प्राप्त गरेको र नकारात्मक सूचीमा नपरेको अवस्थामा त्यस्तो कर्मचारीलाई एक तह वृद्धि गर्न सकिने व्यवस्था विधेयकमा गरिएको छ ।

राजपत्र अनंकित पाँचौँ श्रेणीको पदमा सुरु नियुक्ति हुने निजामती कर्मचारीको प्रथम स्तर कायम गरी त्यसपछि प्रत्येक ५ वर्षमा स्तर वृद्धि गरी बढीमा पाँचौँ स्तरसम्म वृद्धि गर्न सकिनेछ ।

निजामती कर्मचारीले खाइपाई आएको तलब बराबरको रकम प्रत्येक आर्थिक वर्षमा एक पटक चाडबाड खर्चका रूपमा पाउनेछन् । कर्मचारीको योगदानमा आधारित सावधिक जीवन बिमा सरकारले नै गर्नेछ । कर्मचारीको मासिक तलबबाट १० प्रतिशतका दरले हुने रकम कट्टा गरी सो रकममा सरकारले शतप्रतिशत रकम थप गरी कर्मचारी सञ्चयकोषमा राखिने व्यवस्था गरिनेछ । सरकारले निजामती कर्मचारीलाई जग्गा खरिद तथा आवास निर्माणका लागि सस्तो ब्याजदरमा ऋण उपलब्ध गराउने व्यवस्था पनि विधेयकमा गरेको छ ।

निजामती कर्मचारीहरु राजनीतिक क्रियाकलापमा संलग्न हुन नपाउने, सरकारको आलोचना गर्न नपाउने, सरकारी कामकाजसम्बन्धी समाचार प्रकाशन गर्न नपाउनेलगायत प्रतिबन्धात्मक व्यवस्था पनि विधेयकमा गरिएको छ ।

त्यसैगरी, निजामती कर्मचारीले सरकारको पूर्वस्वीकृति नलिई आफूले वा आफ्नो परिवारको कुनै सदस्यद्वारा कुनै व्यक्तिबाट कुनै पनि प्रकारको दान, दातव्य, कोसेली, उपहार स्वीकार गर्न वा चन्दा माग्न पाउने छैनन् । सरकारी कामसँग सम्बन्धित व्यक्तिसँग कर्मचारीले सापटीसमेत लिन नपाउने व्यवस्था विधेयकमा राखिएको छ ।

निजामती कर्मचारीले कम्पनी स्थापना वा सञ्चालन गर्न तथा व्यापार-व्यवसाय गर्न पाउने छैनन् । परामर्शदाता, सल्लाहकार, विशेषज्ञ वा कुनै हैसियतले सेवा प्रदान गर्ने कार्यमा पनि कर्मचारी आबद्ध हुन पाउने छैनन् ।

प्रदेश सरकारको प्रमुख सचिवको पद संघीय निजामती सेवाको पद हुने व्यवस्था गरिएको छ । प्रदेश मन्त्रालयका सचिवको पद अधिकृत बाह्रौँ तहको प्रदेश निजामती सेवाको पद हुनेछ । त्यसैगरी, स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत यो ऐन लागू भएको १० वर्षसम्म संघीय निजामती प्रशासन सेवाको कर्मचारी खटाइने पनि विधेयकमा उल्लेख छ ।

संघीय कानुनबमोजिम प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएका तथा समायोजन मिलान वा संशोधन गर्दा प्रदेश वा स्थानीय तहमा समायोजन भएका तर हाजिर हुन नसकी फिर्ता भएका कर्मचारीको पदस्थापनसम्बन्धी व्यवस्था पनि विधेयकले समेटेको छ । विधेयकको व्यवस्थाअनुसार निजामती कर्मचारीले ६० वर्ष उमेर पूरा भएपछि अनिवार्य अवकाश पाउनेछन् । विद्यमान निजामती ऐनमा कर्मचारीको उमेरहद ५८ वर्ष छ ।


### शिलवन्दी बोलपत्रद्वारा काठ लिलाम बिक्रीको २१ दिने सूचना

**दोस्रोपटक प्रकाशित मिति: २०८०/११/११**

श्री पुरैना सा.व.उ.स. भजनी न.पा. ७, कैलालीको सामुदायिक वन क्षेत्रबाट यस सा.व.उ.स.ले आर्थिक वर्ष २०७८/०७९ मा नियमानुसार संकलन गरी आन्तरिक खपत पश्चात बाँकि रहेको काठ आर्थिक वर्ष २०८०/०८१ मा जेजस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बढाबढबाट बिक्री वितरणको लागि गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएकोले रित पुरा भएका इच्छुक व्यक्ति, संघ-संस्था, फर्म वा कम्पनीले सूचना प्रकाशित मितिले २१ दिनभित्र खरिद गरी २२ औं दिन दिनको २:०० बजे भित्र नियमानुसार समूहको कार्यालयमा दाखिला गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । बिस्तृत जानकारीको लागि समूहको कार्यालय वा सम्बन्धित निकायमा वा टेलिफोन नं ९८१५६१५६३१ मा सम्पर्क गर्नहुन जानकारी गराइन्छ ।

| क्र.स. | जात/ग्रेड | ए | | बी | | सी | | डी | | जम्मा | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गो.स. | क्यू.फि. | गो.स. | क्यू.फि. | गो.स. | क्यू.फि. | गो.स. | क्यू.फि. | गो.स. | क्यू.फि. | |
| १. | साल | १४ | ३५३.०२ | ९ | १२३.२७ | ४ | २०.७८ | ० | ० | २७ | ४९७.०७ | |
| | जम्मा | १४ | ३५३.०२ | ९ | १२३.२७ | ४ | २०.७८ | ० | ० | २७ | ४९७.०७ | |

**श्री पुरैना सामुदायिक वन उपभोक्ता समूह**
**भजनी न.पा.-७, कैलाली**



### शिलवन्दी बोलपत्रद्वारा काठ लिलाम बिक्रीको २१ दिने सूचना

**दोस्रोपटक प्रकाशित मिति: २०८०/११/११**

श्री प्रतिक्षा महिला सा.व.उ.स. भजनी न.पा. ७, कैलालीको सामुदायिक वन क्षेत्रबाट यस सा.व.उ.स.ले आर्थिक वर्ष २०७८/०७९ मा नियमानुसार संकलन गरी आन्तरिक खपत पश्चात बाँकि रहेको काठ आर्थिक वर्ष २०८०/०८१ मा जेजस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बढाबढबाट बिक्री वितरणको लागि गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएकोले रित पुरा भएका इच्छुक व्यक्ति, संघ-संस्था, फर्म वा कम्पनीले सूचना प्रकाशित मितिले २१ दिनभित्र खरिद गरी २२ औं दिन दिनको २:०० बजे भित्र नियमानुसार समूहको कार्यालयमा दाखिला गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । बिस्तृत जानकारीको लागि समूहको कार्यालय वा सम्बन्धित निकायमा वा टेलिफोन नं ९८१५६१५६३१ मा सम्पर्क गर्नहुन जानकारी गराइन्छ ।

| क्र.स. | जात/ग्रेड | ए | | बी | | सी | | डी | | जम्मा | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गो.स. | क्यू.फि. | गो.स. | क्यू.फि. | गो.स. | क्यू.फि. | गो.स. | क्यू.फि. | गो.स. | क्यू.फि. | |
| १. | साल | ११ | ३३५.३२ | ९ | १४६.४ | ३ | १५.१७ | ० | ० | २३ | ४९६.८९ | |
| २. | असना | ४ | ५१८.५५ | २ | ४१.६७ | १ | १४.०१ | ० | ० | ७ | १७४.२३ | |
| ३. | जामुन | ० | ० | २ | ४४.०६ | ० | ० | ० | ० | २ | ४४.०६ | |
| | जम्मा | १५ | ४५३.८७ | १५ | २३२.१३ | ४ | २९.१८ | ० | ० | ३२ | ७१५.१८ | |

**श्री प्रतिक्षा महिला सामुदायिक वन उपभोक्ता समूह**
**भजनी न.पा.-७, कैलाली**



## Miklajung Rural Municipality

**Office of Rural Municipal Executive**

**Madhumalla, Morang**

## Invitation for Online Bids

**Publication date: 05 March 2024**

1. **Miklajung Rural Municipality**, Morang invites electronic bids from Nepalese eligible bidders for the supplying of Lab Chemicals as mentioned in BOQ.
2. Eligible Bidders may obtain further information at the office of Miklajung Rural Municipality or may visit PPMO website.
3. Bid Submission date is 20-03-2024, 12.00. Bid opening date is 13.00 same day of submission date. Bid security Validity period is 75.
4. Detail of Contract is mentioned below .

| S. N | Contract Identification No. | Name of the Project | Estimated Cost with Vat | Bid Security (Nrs) | Cost of Bidding Documents | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | MRM/MOR/SQ/Lab Chemical/2/2080-81 | Supplying of Lab Chemicals for Madhumalla Hospital | 10,00,000 | 30000 | 1000 | E-bid |

**Chief Administrative Officer**

# सात वर्षअघि बन्नुपर्ने सडक अझै बनेन



■ सौर्य समाचार

घोराही । निर्माण व्यवसायीको चरम लापरबाहीका कारण सात वर्षअघि नै निर्माण सकिनुपर्ने कटुवाखोलादेखि नेत्रलाल अभागी चोकसम्मको सडक अझै पूरा हुन सकेको छैन । आर्थिक वर्ष २०७०/०७१ मा कटुवाखोलादेखि सहिद नेत्रलाल अभागी चोक (सिटी प्लाजा) सम्मको १ हजार ४ सय ५० मिटर सडकमा स्तरोन्नतिसहित कालोपत्रे गर्नका लागि ११ करोड ६४ लाख १२ हजार ६ सय ५३ रुपैयाँमा ठेक्का सम्झौता भएको थियो ।

उक्त सडक २०७२ असोज ३० भित्र सक्नुपर्ने गरी २०७१ भदौ ११ गते कान्छाराम/शंकर माली कोटेश्वर काठमाडौंसँग सडक डिभिजन कार्यालय दाङले सम्झौता गरेको थियो तर निर्माण व्यवसायीको लापरबाहीका कारण सडकको काम पूरा हुन सकेको छैन । सडक निर्माणको काम समयमै नहुँदा सर्वसाधारणसँगै बजारमा व्यवसाय गर्ने व्यवसायीले सास्ती बेहोरिरहेका छन् । अलिअलि भएको निर्माणमा समेत खाल्टाखुल्टी परेका छन् । जसका कारण सडकमा धुलो उड्ने र पानी जम्ने समस्या बढ्दै गएको स्थानीय नवीन जिसी बताउँछन् ।

सडक कार्यालयको सडक अलपत्र पारेर जनतालाई दुःख दिने निर्माण व्यवसायीलाई कारबाही गर्न नसकेको सुवेदीको गुनासो छ । सडकको काम पूरा नगरेको निर्माण कम्पनीले हालसम्म ८ करोड ४८ लाख १९ हजार २ सय ६६ रुपैयाँ लगिसकेको जनाएको सडक कार्यालयले जनाएको छ । चारपटक म्याद थपिँदा पनि काम पूरा गर्न नसकेको निर्माण कम्पनीले अहिले फेरि काम गर्नका लागि ट्राफिक चोकमा सडकको कालोपत्रे उप्काएको छ तर त्यही काममा पनि ढिलाइ गरेको स्थानीयको गुनासो छ ।

सडक निर्माण ढिलासुस्ती भएको भन्दै व्यवसायी तथा स्थानीयले सडक डिभिजनमा ज्ञापनपत्र बुझाएर कार्यालयमा धर्ना दिएपछि ट्राफिक चोकमा केही भाग ढलानको काम गरिए पनि अझै पूरा हुन सकेको छैन । बाँकी ढलानको काम चैत मसान्तभित्र सक्ने निर्माण कम्पनीका प्रतिनिधि विवेक बस्नेत बताउँछन् ।

समयमै काम नगरेका कारण निर्माण कम्पनी १ करोड ३ लाख रुपैयाँको जरिबानामा परिसकेको सडक डिभिजन दाङका प्रमुख इन्जिनियर गुरुप्रसाद अधिकारीले बताए । कार्यालय प्रमुख अधिकारीले बताए । 'समयमै काम सम्पन्न नगरेकाले जरिबानामा परेको छ ।' उनका अनुसार निर्माण कम्पनीले २०७२ असोज ३० गते सक्नुपर्ने गरी सम्झौता गरेको उक्त सडक म्यादभित्र गर्न नसकेपछि २०७३ जेठ १५ गतेसम्म सक्ने गरी पहिलोपटक म्याद थपिएको थियो । त्यो समयमा काम सम्पन्न नगरेपछि दोस्रोपटक २०७३ चैत ३० गतेसम्म सक्ने गरी म्याद थप गरियो । त्यो अवधिमा पनि निर्माणको काम सम्पन्न भएन र तेस्रोपटक फेरि २०७४ कात्तिक ३० गतेसम्म सक्ने गरी फेरि म्याद थप गरियो । तेस्रो पटकसम्म पनि काम पूरा नगरेपछि २०७७ जेठ २३ गतेसम्म सक्ने गरी अन्तिमपटक म्याद थप भयो ।

म्याद थपे पनि काम नभएपछि सडक डिभिजन कार्यालयले २०७३ माघ २५ गतेदेखि २०८० साल फागुनसम्मै निर्माण कम्पनीलाई पत्र काट्दै काम गर्न ध्यानाकर्षण गराउँदै आएको भए पनि निर्माण व्यवसायीको लापरबाहीका कारण काम सम्पन्न हुन सकेको छैन ।

# अम्रिसोको मूल्य घटेपछि किसान चिन्तित

■ राम योङहाङ



इलाम । अम्रिसोको मूल्य घटेपछि इलामका किसान चिन्तित बनेका छन् । पछिल्ला वर्षमा उनीहरूले धान तथा मकै खेती गर्न छाडेर व्यावसायिक रूपमा अम्रिसो खेती गरेका थिए । अम्रिसोको मूल्यमा भारी गिरावट आएपछि उनीहरू समस्यामा परेका हुन् । भूसंरक्षणसँगै घाँस, फूल र तथा डाँठबाट आम्दानी गर्न सकिने बहुउपयोगी अम्रिसोले गत वर्षको तुलनामा झण्डै ५० प्रतिशतको हाराहारीमा मूल्य गिरावट आएको छ । गत वर्ष प्रतिकेजी १ सय २० देखि १ सय ३० रुपैयाँ सम्ममा बिक्री भएको अम्रिसोको फूल (कुचो) अहिले प्रतिकेजी ६५ रुपैयाँमा मात्र बिक्री भएको जनाइएको छ ।

माई नगरपालिका-९ का पूर्णकुमारी साउदेनले कुचो किन्नका लागि व्यापारी घरैसम्म आएका र सस्तो मूल्यमा कुचो बेच्न बाध्य भएको बताए । 'गत वर्ष यामको सुरुमा नै प्रतिकेजी १ सय १० रुपैयाँका दरले कुचो बेचेको थिएँ, पछि १ सय ३० रुपैयाँसम्म पुगेको थियो, यस वर्ष प्रतिकेजी ६५ रुपैयाँका दरले बेच्न बाध्य भइयो', उनले भने, 'यस्तै तरिका हो भने घरव्यवहार चलाउन नै मुस्किल गर्ने रहेछ ।'मूल्य घटेपछि अन्य बाली हटाएर व्यावसायिक रूपमा अम्रिसोको खेतीमा लागेका किसान मारमा परेको किसान अभिषेक येक्तेनले बताए । विगतमा राम्रो मूल्य पाएपछि किसानले हौसिएर अम्रिसो खेती गरेको भए पनि अहिले निराशा छाएको उनले गुनासो गरे । 'अहिले अम्रिसोको व्यावसायिक खेती गरेर जीवनयापन गर्ने अवस्थासमेत छैन', उनले भने, 'मैले यस वर्ष एक हजार केजी कुचो उत्पादन गरेको छु । त्यसको गोडमेल तथा कुचो तान्नका लागि प्रयोग गरिएको खेतालालाई दिने पैसासमेत नपुग्ने अवस्था छ ।'

यसरी मूल्य नै घट्दै जाने हो भने अम्रिसोको विकल्पमा अन्य बाली लगाउनुपर्ने अवस्था आएको किसान पवन राईले बताए । 'दुई/तीन वर्षअघिसम्म कुचोको मूल्य राम्रो थियो', उनले भने, 'हामीले प्रतिकेजी १ सय ३० रुपैयाँ सम्ममा बेचेका थियौँ । त्यो बेला मूल्य राम्रो पाएपछि खेतमा समेत अम्रिसो लगाइयो, अहिले समस्या भयो । समय फेरियो अब फेरि अम्रिसोको विकल्पमा अरू बाली लगाउनुपर्ने अवस्था छ ।'

भिरालो पाखोबारीमा समेत भूक्षय रोक्ने उद्देश्यले बारीका कान्लाको अम्रिसो खेती गरिन्छ । अन्य बालीको तुलनामा कम खर्चिलो र कम मिहिनेतमा नै आम्दानी पाउने भएपछि धान, मकै, कोदो लगाउने खेत र बारीमा समेत अम्रिसो खेती गर्ने गरेका छन् । बिरुवाका लागि भइरहेको बोटबाटै अर्को बिरुवा निकाल्न सकिने, गोडमेलका लागि झन्झट नहुने भएका कारण कम लगानीमा राम्रो आम्दानी गर्न सफल भएपछि किसान अम्रिसो खेतीतर्फ आकर्षित भएका छन् ।

किसानले यसको पात र कमलो डाँठ बोट डालेघाँसका लागि प्रयोग हुने र फूल (कुचो) छुट्टाछुट्टै मूल्यमा बिक्री गर्ने गरेका छन् । दोमट माटो भिरालो जग्गामा अम्रिसो खेती फस्टाउने गरेकै कारण किसानले प्रसस्त मात्रामा कुचो उत्पादन गर्ने गरेका छन् । अहिले एक जना किसानले चार हजार केजीसम्म कुचो बिक्री गर्ने गरेका छन् । यस वर्षको सुरुमा प्रतिकेजी ७५ देखि ८० रुपैयाँ सम्ममा कुचो किनबेच भए पनि अहिले मूल्यमा झनै गिरावट आएको इलाम उद्योग वाणिज्य संघका अध्यक्ष कृष्ण पौडेलले जानकारी दिए । पछिल्लो समय अम्रिसो किसानमा निराशा छाएको उनले बताए । 'मूल्यमा आउने उतारचढावका कारण अम्रिसो किसान निराशा छन्', उनले भने, 'मूल्य घटेका कारण किसानको श्रम ज्याला नउठ्ने अवस्था छ । सरकारले नीति बनाएर किसानलाई उत्पादनका आधारमा सहुलियतपूर्ण कर्जा दिनमा ध्यान दिन किसानमा उत्साह थपिने थियो ।'

इलामको सबै पालिकाका विभिन्न ठाउँमा मुख्यरूपमा अम्रिसो खेती हुने गर्दछ । अम्रिसोको कुचो स्थानीय बजारमार्फत झापाको धुलाबारीमा संकलन भएपछि काँकटभिट्टा हुँदै भारत निकासी हुने गरेको छ । जिल्लामा वार्षिक ३ हजार ५ सय मेट्रिक टन अम्रिसो उत्पादन हुने तथ्यांक छ । कुचो उत्पादन हुने क्षेत्र थपिँदै गएकाले उत्पादनमा समेत वृद्धि हुने व्यापारीको अनुमान छ । घर, कोठा सफा गर्नका लागि कुचो बनाउनदेखि विदेश निर्यात हुँदै आएको छ ।

# दूध बिक्री नहुँदा घाटा बेहोर्दै किसान

■ सौर्य समाचार



चितवन । दूधको बिक्री घटेपछि जिल्लाका दुग्ध उत्पादक किसानहरूले दैनिक ४२ लाखको घाटा बेहोर्दै आएका छन् । जिल्लामा उत्पादित दूधमध्ये ६० हजार लिटर बिक्री हुन नसक्दा सो रकम बराबरको क्षति बेहोर्न किसान बाध्य भएका हुन् ।

चितवन जिल्ला दुग्ध उत्पादक सहकारी संघमा आबद्ध ४० हजारभन्दा बढी सेयर सदस्यहरूले सो मात्रामा दूध बिक्री गर्न नपाएको संघले जनाएको छ । संघका अध्यक्ष किशोर बगालेका अनुसार विगत १५ दिनदेखि दूध नउठ्दा किसानले समस्या झेल्नुपरेको हो । उनले दूध नउठ्दा समस्या भएको बताए । साउन यताको भुक्तानी ५२ करोड पाउन बाँकी भए पनि अहिले बिक्री हुन छाडेपछि किसान मारमा परेको उनको भनाइ छ ।

दैनिक ३ लाख ५० हजार लिटर दूध उत्पादन हुने चितवनबाट जिल्ला बाहिर दैनिक १ लाख ५० हजार लिटर दूध जाने गरेको छ । जसमध्ये ६० हजार लिटर दूध बिक्री हुन नसकेको हो । सरकारले किसानको पैसा दिने सहमति गरे पनि अहिलेसम्म किसानले पैसा नपाएको र दूधसमेत उठ्न छाडेको उनले गुनासो गरे । 'सहमति भएको छ । तर कार्यान्वयनमा आएको छैन', उनले भने, 'सहमतिअनुसार आइतबारबाट दूध उठ्नुपर्ने भए पनि आजसम्म दूध उठेको छैन ।'

दूध लैजाने उद्योगहरूले समर्थन मूल्यभन्दा कममा लैजाने गरेको भन्दै उनले उपभोक्ताले महँगो मूल्यमा दूध खानु परेको बताए । बगालेले भने, 'दुध नउठ्ने र पैसा पनि नपाउने समस्या रहिरहे आन्दोलनमा जानुको विकल्प छैन ।' चितवनसहित पाँच जिल्लाका किसानले एकसाथ आन्दोलनमा जाने तयारी गरेको उनको भनाइ छ ।

# क्युआर कोडमार्फत प्रहरीमा उजुरी र गुनासो




■ सौर्य समाचार

गोरखा । जिल्ला प्रहरी कार्यालयले प्रहरीलाई उजुरी गर्न तथा गुनासो र सुझाव दिनका लागि क्युआर कोड प्रयोगमा ल्याएको छ । कार्यालयले प्रवाह गर्ने सेवा प्रवाहलाई छिटोछरितो, पारदर्शी र जवाफदेही बनाउन क्युआर कोड प्रयोगमा ल्याइएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक शेखर खड्काले जानकारी दिए ।

'अबदेखि प्रहरी कार्यालयमा उजुरीका लागि सेवाग्राहीले क्युआर कोड पनि प्रयोग गर्न सक्छन्', उनले भने, 'त्यसबाहेक प्रहरी कार्यालयमा गुनासो तथा सुझाव दिन चाहेमा पनि सेवाग्राहीले क्युआर कोडको प्रयोग गर्न सक्ने व्यवस्था कार्यालयले गरेको छ ।' कार्यालयले बिहीबारदेखि क्युआर कोड प्रयोगमा ल्याएको हो ।

प्रहरी कार्यालयमार्फत प्रदान गरिने सेवालाई प्रविधियुक्त बनाउँदै लैजाने उद्देश्यका साथ क्युआर कोड सेवा सुरु गरिएको सूचना अधिकारी खड्काको भनाइ छ । 'क्युआर कोडको प्रयोगले प्रहरीको सेवालाई छिटोछरितो गर्न पनि सहज हुनेछ', उनले भने, 'सेवा प्रवाहको व्यवस्थापन, जवाफदेही, पारदर्शी बनाई नागरिक सु-सम्बन्ध एवं सुशासन कायम गर्न यसले थप सहयोग पुग्नेछ ।' सेवाग्राहीलाई क्युआर कोड प्रयोग गर्न कार्यालय आउँदा सहजै देखिन सक्ने ठाउँमा क्युआर कोड टाँसिएको उनले बताए । नागरिकसँग प्रहरीको सहज पहुँच विस्तारका लागि प्रविधिको प्रयोगले सहयोग पुग्ने प्रहरीले जनाएको छ ।

# पञ्चकोटको महायज्ञमा दर्शनार्थीको भिड

■ सौर्य समाचार



बागलुङ । जिल्लाको सर्वसिद्धिधाम पञ्चकोटमा जल सम्पदा र ब्रह्माण्डको संरक्षणका लागि आयोजित अनन्तश्री ब्रह्माण्डीय महायज्ञमा दर्शनार्थीको भिड लागेको छ । महायज्ञ देशभरबाट श्रद्धालु भक्तजन आउन थालेपछि पञ्चकोट दर्शनार्थीको बाक्लो उपस्थितिले भरिएको हो । यही ९ फागुनदेखि सञ्चालन भइरहेको महायज्ञमा देशभरबाट दर्शनार्थी आइरहेको बताउँदै पछिल्ला दिनमा दर्शनार्थीको भिड नै लागेको हो । दैनिक तीन हजारदेखि १० हजारसम्म दर्शनार्थी आउने गरेको महायज्ञमा शनिबार भने ३० हजारभन्दा बढी दर्शनार्थी पञ्चकोट आएको सर्वसिद्धिधाम पञ्चकोट परिषद् समितिका अध्यक्ष दामोदर शास्त्री दाहालले बताए ।

अत्यधिक भिडका कारण शनिबार ट्राफिक जाम नै भएको उनको भनाइ छ । शनिबार बिदा हुनुका साथै प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को उपस्थिति भएपछि महायज्ञमा दर्शनार्थीको भिड बढेको उनले बताए । 'धार्मिक कार्यमा आएका भक्तजनको कुनै गणना गर्ने व्यवस्था थिएन, ९० रोपनी जग्गामा फैलिएको पञ्चकोट दर्शनार्थीले भरिएको थियो, बागलुङ बजारबाट पञ्चकोटसम्म सवारीसाधनको लस्कर थियो', अध्यक्ष शास्त्रीले भने, 'एकै दिन ३० देखि ५० हजारसम्म दर्शनार्थी आएको हाम्रो अनुमान छ, पञ्चकोटमा हजारौँको संख्यामा आएका बस, कार, भ्यान र मोटरसाइकल आएकाले सो अनुमान गरिएको हो ।' ट्राफिक जामका कारण सबै दर्शनार्थी पञ्चकोट पुग्न नपाएको उनले बताए ।

पञ्चकोटधाम स्थापनाको १०औँ वार्षिकोत्सवको अवसरमा आयोजना भइरहेको महायज्ञ नेपालमै पहिलोपटक गर्न थालिएको आयोजकको दाबी छ । महायज्ञमा सहभागी हुन यही फागुन १० गते राष्ट्रपति रामचन्द्र पौडेल र गत शनिबार प्रधानमन्त्री पुष्पकमल दाहाल पुगिसकेका छन् । साथै गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाललगायत विशिष्ट व्यक्तित्वको उपस्थिति भइसकेको छ । यही २३ फागुनसम्म सञ्चालन हुने महायज्ञमा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीलगायत राजनीतिक दलका शीर्ष नेता आउने कार्यक्रम छ । जल, जंगल र जमिनको संरक्षण गर्दै वैदिक परम्पराको प्रवर्द्धन, आध्यात्मिक चेतनाको अभिवृद्धि गरी धार्मिक पर्यटन विकास गर्न आयोजना गरिएको ब्रह्माण्डीय महायज्ञमा आउने दर्शनार्थीको ट्राफिक व्यवस्थापन मिलाउन हम्मेहम्मे परेको जिल्ला ट्राफिक कार्यालय बागलुङका प्रमुख सुमन न्युरेले बताए । पञ्चकोटमा विश्वशान्ति कलश निर्माणसँगै धार्मिक संरचना पूरा गर्न महायज्ञ आयोजनाबाट गरिएको हो । महायज्ञभर कथा वाचन पाठबाहेक हरेक दिन फरक-फरक विधाका व्यक्ति उपस्थित भई विभिन्न शीर्षकमा गण्डकी क्षेत्रस्तरीय र राष्ट्रिय बहस पनि भइरहेको छ । महायज्ञको अवसरमा आइतबार कला र साहित्य सम्मेलन सम्पन्न भएको थियो । पञ्चकोट पुग्ने पर्यटकको संख्याका आधारमा सडक फराकिलो हुन आवश्यक रहेको बागलुङ नगरपालिका-६ का वडाध्यक्ष रुद्र केसीले बताए ।

# नारायणगढ-बुटवल सडक खण्डको अवरोध अझै हटेन



■ सौर्य समाचार

नवलपरासी । पूर्व-पश्चिम राजमार्गअन्तर्गत नवलपरासी-बर्दघाट सुस्तापूर्वको दाउन्ने क्षेत्रमा आइतबार साँझदेखि अवरुद्ध भएको सडक अझै पूर्णरूपमा सञ्चालन हुन सकेको छैन ।

आइतबार साँझको वर्षाले सडक स्तरोन्नतिका लागि भित्तो काटिएको क्षेत्रमा रातो माटो बगाएर ल्याएपछि सडक अवरुद्ध भएको हो । रातो माटोका कारण सडक चिप्लो हुँदा यातायातका साधन सञ्चालनमा अवरोध भइरहेको जिल्ला प्रहरी कार्यालय नवलपरासी-बर्दघाट सुस्तापूर्वका प्रहरी निरीक्षक साजनकुमार शर्माले बताए ।

बाटो अवरुद्ध भएपछि दाउन्ने सडक खण्ड अहिलेसम्म पनि सञ्चालन हुन नसक्दा सयौँ यात्री एवं सवारी बीच बाटोमा नै अलपत्र परेका छन् । सडक सञ्चालनका लागि हिलो माटो डोजर लगाएर हटाइए पनि पहाडी क्षेत्र भएकाले सडक चिप्लो भएर गाडी चलाउन समस्या भएको प्रहरी निरीक्षक शर्माले जानकारी दिए ।

लामो समयदेखि निर्माणाधीन नारायणगढ-बुटवल सडक खण्ड आइतबारको वर्षाका कारण अहिले हिलाम्मे भएको छ । मालवाहक सवारीहरू धेरै ठाउँमा फसेकाले अन्य स्थानमा पनि सवारी सञ्चालन गर्न समस्या भइरहेको प्रहरीले जानकारी दिएको छ ।

सौर्य दैनिक
SOURYA NATIONAL DAILY

## सम्पादकीय

# सत्ता समीकरण परिवर्तन

एक वर्षअघि राष्ट्रपति पदको निर्वाचनमा भत्किएको एमाले–माओवादी सत्ता गठबन्धन एकाएक ब्युँतिएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सोमबार नेपाली कांग्रेसलाई सरकारबाट बिस्थापित गरी नेकपा एमालेलाई भित्र्याएका छन् । नयाँ सत्ता समीकरणमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पनि सामेल छ । माओवादी, एमाले र रास्वपाको यो समीकरणमा १ सय २९ सिट छ । बहुमतका लागि अझै नौ सिट अपुग हुन्छ । प्रधानमन्त्री प्रचण्डले कुन कुन पार्टीहरूलाई सामेल गराएर बहुमत पुर्‍याउने रणनीति बनाएका छन् ? भन्ने तस्बिर स्पष्ट भइसकेको छैन । नयाँ समीकरणमा सामेल हुने वा नहुने ? भन्ने विषयमा साना पार्टीहरू आन्तरिक छलफलमा जुटेका छन् । संघीय सत्तामा बनेको नयाँ समीकरणको प्रभाव प्रदेश सरकारमा पनि पर्ने निश्चित छ । त्यसैले प्रदेशहरूको सत्ता समीकरणलाई समेत ख्याल गर्दै प्रधानमन्त्री प्रचण्डले केन्द्रीय समीकरणमा साना पार्टीहरूसँग छलफल अघि बढाउने तयारी गरेको समाचार आएको छ । प्रदेश सत्ता समीकरणका लागि राप्रपा र नेकपा एकीकृत समाजवादी पनि महत्वपूर्ण घटक हुन् । यी दुई पार्टीको साथ सहयोगविना कर्णालीबाहेक अन्य प्रदेशहरूमा कांग्रेसलाई विस्थापित गर्ने ताकत अहिले बनेको नयाँ सत्ता समीकरणले राख्दैन ।

कुनै पार्टीको पनि बहुमत नभएको र सत्ताबाहेक दायाँबायाँ हेर्न दलका नेताहरूले छाडिसकेको अहिलेको अवस्थामा एकाएक सत्ता समीकरण परिवर्तन हुनु अस्वभाविक होइन । त्यसैले अहिले भएको सत्ता समीकरण परिवर्तनको खेललाई सर्वसाधारण जनताले खासै चासो दिएको देखिएको छैन । गत आमनिर्वाचन सम्पन्न भए यताको १५ महिनाको अवधिमा तीनपटक सत्ता समीकरण परिवर्तन भइसकेको छ । २०७९ पुस १० मा भएको सत्ता समीकरण परिवर्तनको कारण जनताले थाहा पाएका थिए । त्यतिबेला प्रधानमन्त्री बन्नकै लागि प्रचण्डले कांग्रेससँगको सहकार्य तोडेर एमालेको साथ लिएका थिए । किनकी प्रचण्डलाई प्रधानमन्त्री बनाउन त्यतिबेला कांग्रेस तयार भएको थिएन । त्यसैगरी सोही वर्षको चैतमा एमाले सरकारबाट बाहिरिएर कांग्रेस सरकारमा भित्रिनुको कारण राष्ट्रपति पदको निर्वाचन थियो । प्रधानमन्त्रीका लागि प्रचण्डलाई साथ दिएको एमालेले राष्ट्रपतिका लागि प्रचण्डको साथ खोजेको थियो, तर प्रचण्डले धोका दिएका कारण एमाले बाहिरियो । तर, यसपटक किन र के का लागि सत्ता समीकरण परिवर्तन भएको हो ? भन्ने कुरा जनताले थाहा पाएका छैनन् । पारदर्शिता लोकतन्त्रको मर्म हो । सत्ता समीकरण किन र के का लागि परिवर्तन भयो भन्ने चित्तबुझ्दो जानकारी जनताले पाउन सकेनन् भने शासन व्यवस्थाप्रति नै जनतामा वितृष्णा उत्पन्न हुन्छ ।

आफ्नो मन्त्रिपरिषद्मा कसकसलाई सामेल गराउने ? वा आफ्नो 'टिम' कस्तो बनाउने ? भन्ने कुरा प्रधानमन्त्रीको अधिकार हो । त्यसमा पनि नेपालले अवलम्वन गरेको शासन व्यवस्था संसदीय हो । तर, प्रधानमन्त्रीले यो अधिकार प्रयोग गर्दा लोकलज्जाको पनि ख्याल गर्नुपर्छ । रातारात छापामार शैलीमा कदम चाल्नुभन्दा पारदर्शी रूपमा कदम चाल्नु उपयुक्त हुन्छ । लोकतन्त्र विधि विधानका अतिरिक्त विश्वासमा चल्ने शासन व्यवस्था हो । तर्कपूर्ण कारणविना सहमतिको उल्लंघन गर्दा विश्वास टुट्छ । माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले सहमतिको उल्लंघन गरेका उदाहरणहरू धेरै छन् । प्रचण्डबाट पटकपटक धोका भएको अभिव्यक्ति कांग्रेस सभापति देउवा र एमालेका अध्यक्ष केपी शर्मा ओलीले सार्वजनिक रूपमा दोहोर्‍याउने गरेका छन् । तर, प्रचण्डसँग सहकार्य गर्ने मामिलामा देउवा र ओलीले पनि एकअर्कालाई झुक्याएका उदाहरणहरू धेरै छन् । देउवा र ओलीका क्रियाकलाप विश्लेषण गर्ने हो भने, प्रचण्डले जे गर्ने गरेका छन्, ठीक गर्ने गरेका छन् । आमनिर्वाचनमार्फत सत्ताको नेतृत्व गर्ने वा प्रमुख प्रतिपक्षको भूमिका निर्वाह गर्ने जनादेश पाएका पार्टी हुन् कांग्रेस र एमाले । तर, यी दुई पार्टीहरू एकअर्काको घर भत्काउने अभियानमा लागे । कांग्रेस र एमालेले गरेको जनअभिमतको अपमानका उपज हुन्, प्रचण्ड । प्रचण्डले पालैपालो कांग्रेस र एमालेमाथि दिएको यो सजाय अन्तिम होइन । किनकी वर्तमान प्रतिनिधिसभाको कार्यकाल अझै पौने चार वर्ष बाँकी छ । भरखर १५ महिना बितेको छ ।

# बिआरआई परियोजनाले पार्ने वातावरणीय दुष्प्रभाव



श्रीमन नारायण

> चीन समर्थित बाँध दुष्प्रभावका कारण त्यहाँका मानिससामु नकारात्मक बाध्यता सिर्जना गरिरहेको छ किनभने यसले गर्दा माछाको संख्यामा कमी आउनुका साथै त्यसको संरक्षणको सम्भावना नै कमजोर बनाइदिएको छ । माछापालन कार्यमा लागेकाहरूको जीविकामाथि यसको नकारात्मक असर परेको छ । आफ्ना बिआरआई परियोजनामार्फत चीन त्यस्ता ठाउँमा पनि पुगिरहेको छ जहाँ त्यस देशका क्षेत्रीय सरकारहरू पनि पुग्न सकिरहेका छैनन्

पर्यावरण असन्तुलन अहिले पुरै विश्वको निम्ति गम्भीर चुनौती बनेको छ । विकास निर्माणको कार्यलाई रोक्न सकिँदैन तर वातावरणीय प्रभावबारे सोच विचार गर्नु पनि आवश्यक छ । अहिले पुरै विश्वको निम्ति चिन्ताको विषय बनेको उत्तरी छिमेकी चीनको विश्वव्यापी पूर्वाधार विकास परियोजना बेल्ट एन्ड रोड इनिसिएटिभबाट पर्न गइरहेको वातावरणीय दुष्प्रभाव नै हो । पूर्वाधार विकासको नाममा पर्यावरण असन्तुलन हुन दिनु पनि बुद्धिमानी होइन ।

विश्वको दोस्रो महाशक्ति तथा दोस्रो धनी देश चीनले आर्थिक समृद्धि, उत्पादन तथा भौतिक पूर्वाधार निर्माणमा निकै ठूलो फड्को मारेको छ । चीनको नेतृत्वमा विश्वका धेरै देशहरूमा ठूला रेल र सडक निर्माण परियोजनाहरू निर्माण भइरहेका छन् । तर यी परियोजनाहरू विकासको विकृत धारणा निम्त्याउने खालका छन् । पारिस्थिक रूपमा संवेदनशील क्षेत्रहरूबाट गुज्रिरहेका छन् । जसले वन्यजन्तु र वनस्पतिको हानि गर्नेछ । संवेदनशील भूभागमा अत्यधिक प्रदुषण बढ्नेछ । स्थानीय आदिवासी, जनजातिहरू यसबाट बढी प्रभावित भइरहेका छन् । तिनको जीवन कष्टकर हुँदै गएको छ । पाकिस्तानको आदिवासी बाहुल्य क्षेत्रमा सिपेक परियोजना अन्तर्गतका निर्माण कार्यको विरोध हुनुको एउटा प्रमुख कारण यो पनि हो । गत महिना हाम्रै मधेस प्रदेशको सिरहा नगरपालिकाको खुट्टी खोलाबाट चिनियाँ ठेकेदारहरूले बालुवा र ढुंगा निकाल्न खोज्दा स्थानीय पत्रकारहरूले यसबारे समाचार बनाउनका लागि सोधपुछ गर्न खोजेका थिए । तर सोधपुछ गर्न खोज्दा ठेकेदारका समर्थकहरूले क्यामरा नै खोसेका थिए । नेपाल पत्रकार महासंघ सिरहा शाखाले यसको विरोध पनि गरेको थियो । पूर्व-पश्चिम राजमार्गको कमला-कञ्चनपुर सडक खण्डमा चिनियाँ निर्माण कम्पनीले ठेक्का प्राप्त गरेको छ । टाढावाट ढुंगा-बालुवा ल्याउँदा बढी खर्च लाग्ने भएकाले ठेकेदारले नजिकवाट निर्माण सामग्री ल्याउन खोजेको हो । नेपाल सरकारले उक्त खोला र नजिकको पहाडमा कुनै पनि किसिमको उत्खनन गर्न रोक लगाएको छ । वातावरणीय प्रभावलाई ध्यानमा राखेर नै सरकारले यस्तो निर्णय गरेको हुनुपर्छ ।

चीनले सडक, रेलमार्ग र जलविद्युत् परियोजनाहरूको निर्माणका लागि खनिजहरू, कृषि वस्तुहरू र लगानीका वस्तुहरूको प्राप्तिका लागि गर्ने गरेको खोजी एवं उत्खननका कारण विश्वव्यापी वातावरणीय अवस्थाहरूमा अतुलनीय असर पुर्‍याएको देखिन्छ । दक्षिण पूर्व एसियामा, बिआरआईको उपस्थितिले संरक्षण, जिविकोपार्जन र दिगोपनको सन्दर्भमा चिन्ताजनक समस्याहरू निम्त्याएको छ । सन् २०१८ मा इन्डोनेसियाको सुमात्रामा चीनको एक निर्माण कम्पनीद्वारा निर्माण गरिएको एक जलविद्युत् परियोजनाका कारण त्यसले आरोङगुटानहरूलाई गम्भीर खतरामा पारेको थियो किनभने त्यस परियोजनाले त्यस क्षेत्रको बाढी, सडक र पावर लाइनहरूको निर्माण गरेको थियो ।

विकासोन्मुख देशका सरकारहरूको प्रायः यस्ता खाले परियोजनाहरूको सम्भावित आर्थिक लाभका कारण वातावरणको लागतलाई बेवास्ता गर्दै प्रर्याप्त आकर्षक ठान्दछन्, सायद त्यही भएर होला सबै परियोजनाहरूलाई वातावरणीय प्रभावबारे छानबिन गर्नुपर्ने दायरामा नै ल्याउने गरिँदैन, म्यानमारमा केही यस्ता घटना भएका पनि छन् । चीन समर्थित बाँध दुष्प्रभावका कारण त्यहाँका मानिससामु नकारात्मक बाध्यता सिर्जना गरिरहेको छ किनभने यसले गर्दा माछाको संख्यामा कमी आउनुका साथै त्यसको संरक्षणको सम्भावना नै कमजोर बनाइदिएको छ । माछापालन कार्यमा लागेकाहरूको जीविकामाथि यसको नकारात्मक असर परेको छ । आफ्ना बिआरआई परियोजनामार्फत चीन त्यस्ता ठाउँमा पनि पुगिरहेको छ जहाँ त्यस देशका क्षेत्रीय सरकारहरू पनि पुग्न सकिरहेका छैनन् ।

कंगो नदी बेसिनको दुर्गम क्षेत्र होस्, दक्षिण अमेरिकाको सिमाना वा दक्षिण पूर्वी एसियाको डेल्टाहोस, इकोसिस्टम वा क्षेत्रको सबैभन्दा संवेदनशील क्षेत्रमा चिनियाँ कम्पनीहरूले उत्खनन वा निर्माण गरिरहेका फेला पार्न सकिन्छ । निर्माण कार्य केही खास राष्ट्रहरूमा सीमित हुने गर्दछ तर वातावरणीय प्रभावहरू त सीमाविना फैलिन्छ । कोभिड-१९ को असर त पुरै विश्वभरि फैलिएको थियो । विज्ञहरूले विदेशमा चिनियाँ व्यापार सञ्चालनका आधारभूत कुराहरूप्रति आफ्नो चिन्ता व्यक्त गर्दै आएका छन्, किनभने यो अत्यधिक भ्रष्टाचारयुक्त र पारदर्शिताविहीन देखिएको छ ।

मिडिया जाँचको अवस्थावाट पनि यसले गुज्रिन पर्ने अवस्था हुँदैन । बिआरआई परियोजनाको वास्तविकतावारे सार्वजनिक रूपमा राम्ररी थाहा भएको हुँदैन किनभने तिनीहरूको कमजोर प्रेस स्वतन्त्रता र कुनै पनि प्रकारको सार्वजनिक बहसको सम्भावना नै त्यहाँ हुँदैन । आयोजक राष्ट्र वा कुनै पनि अन्तर्राष्ट्रिय संस्थाको आवाज उठाउँदा चिनियाँ कम्पनीहरूले आफनो परियोजनाहरू आफ्नै तरिकाले विशेषण युक्त बताउने गर्दछन् । जबकी यथार्थमा यसबाहेक, त्यहाँ अनेकौं यस्ता प्रमाणहरू छन्, जसले सुझाव दिन्छ कि चिनियाँ लगानीले आयोजक देशको श्रम बजारमा रोजगारी सिर्जन गर्न सकिरहेको हुँदैन, गरिब श्रम अभ्यासहरू पनि उपेक्षित भइरहेका हुन्छन् । पानी र माटोको क्षेत्रका अवैध गतिविधिहरूलाई पनि बढावा दिइरहेको हुन्छ ।

इथियोपियामा चिनियाँ परियोजनाहरूको मूल्यांकन गर्ने प्रतिवेदनअनुसार आयोजना कार्यान्वयनको मापदण्ड अत्यन्तै न्यून रहेको पाइएको थियो । यस परियोजनामा पर्यावरणीय र सामाजिक प्रभाव मूल्यांकनको अभाव थियो, जसले गर्दा प्रदूषण, वन फडानी र इथियोपियाको आदिवासी भूमिहरूलाई हानिसम्बन्धी मुद्दाहरूको कारणले बासस्थान निवास र फोहोर व्यवस्थापनका समस्याहरूलाई निम्त्याउने काम गरेको थियो ।

विश्व वन्यजन्तुको कोषको प्रतिवेदनअनुसार बिआरआई विस्तारले २ सय ६५ खतरामा परेका प्रजातिहरू, दुई हजारजति महत्वपूर्ण पक्षी क्षेत्रहरू र प्रमुख जैविक विविधता क्षेत्रहरू र प्रभावित क्षेत्रहरूमा सिकार र वन विनाशको बढ्दो घटनाहरूसँग सम्बन्धित छ । आश्चर्यको कुरा त के पनि छ भने बिआरआईको वर्तमान र सम्भावित वातावरणीय प्रभावहरूको बारेमा पर्यावरण जोगाउन अभियानका अगुवाहरू पनि खासै सक्रिय छैनन् । सम्भवतः आवाज उठाउन नचाहनेहरूसमक्ष कतिपय समस्या पनि उत्पन्न भएका हुन सक्दछ जस्तो कि पर्यावरण र वातावरणीय प्रभावको कुरा उठाउनेहरूलाई पश्चिमको समर्थक भएको आरोप लगाइन्छ । यद्यपि आफूलाई अनुकूल नलाग्ने खालका टिप्पणीको प्रतिकार गर्नमा चिनियाँ सञ्चार माध्यमहरू पनि निकै सक्रिय भएर लागेको हुन्छ ।

चीनले बिआरआईअन्तर्गत निकासी र विस्तारको आफनो नव-साम्राज्यवादीलाई उद्देश्यलाई विकासको संज्ञा दिएको छ । ग्लोबल साउथको पूर्वाधार विकास र विकासको बहानामा, चीनले यसको वातावरणीय ह्रास कोष लागि मुख्य रूपले जिम्मेवार मानिनेछ । बिआरआईका प्रतिकूल सर्तहरूका कारण अफ्रिकाका कतिपय राष्ट्रहरू ऋणको जालमा परेका छन् । घाना लगायतका देशहरूले पूर्व निर्धारित र ऋणको पूनर्संरचना नभएमा कोको, बक्साइट र तेलजस्ता प्राकृतिक स्रोतहरू गुमाउन सक्ने अवस्थामा पुगेको छ ।

राजनीतिक अस्थिरता भएका देशहरूमा र कमजोर संस्था भएका राष्ट्रहरूले आफना जायज चिन्ता पनि चीनसामु राख्न सक्ने अवस्थामा रहेको हुँदैन यद्यपि बिआरआईका पक्षपातीहरू भने चीनले वास्तवमा घरेलु र अन्तर्राष्ट्रिय रूपमा प्रदुषण नियन्त्रण गर्न कदम चालेको सफाइ दिने गर्दछन्, साथै यसको विशाल वृक्षरोपण परियोजनाहरू र जीवाश्म इन्धन संलग्नतामा कमी आउने दावी गर्दछ, तर यी कार्यहरू ठूला निर्माण योजनाहरूमार्फत वातावरण र स्थानीय जीविकोपार्जनमा परिष्कृतको सरासर नोक्सानको पूर्ति गर्न सक्दैन । बिआरआईको आर्थिक लाभ र हानिको बहस आफ्नो ठाउँमा हुँदै छ तर यथास्थितिले वातावरणमा दुष्प्रभाव पनि निश्चित छ ।

# शंकर कमरेडसित, संगीन सांस्कृतिक सबाल



प्राडा बद्रीविशाल पोखरेल

> स्वस्ती सलाम मात्र गरेन भनेर प्याकुरेल थरि धेरैजसो धुपौरे नेताले पोल लगाएर मैमाथि कार्यबाही गर्न गराउन पनि सक्छन् । तैपनि तपाईंले आफ्नो जन्मोत्सव मनाएका विषयमा केही महत्त्वपूर्ण सांस्कृतिक संवेदनशील विचार राख्ने दुस्साहस गरेको छु । जननेता मदन भण्डारीले वैदिक सनातनलगायत संस्कार र संस्कृतिका अनेकौं महत्वपूर्ण पक्षहरूको जगेर्ना गर्ने कुरा गर्नुभएको छ र तिनमा निहित कैयौं विकृतिलाई कलात्मक हस्तक्षेपमार्फत् निष्प्रभावी पार्न सकिने कुरा पनि उल्लेख गर्नुभएको छ

नेकपा एमालेका महासचिव शंकर पोखरेलको जन्मोत्सवका अवसरमा सुस्वास्थ्य, दीर्घायु तथा सफलतम जीवनको शुभकामना व्यक्त गर्दछु । जन्मोत्सवको कार्यक्रमको मोबाइलमा प्रत्यक्ष प्रसारण गरेपछि थाहा भयो । नेतृ सुजाता शाक्यले जन्मोत्सवको कार्यक्रमबारे सकारात्मक टिप्पणी गरेका पनि सुनियो । पार्टीको महासचिव भएका नाताले देश र जनताका हितमा उदाहरणीय काम गर्न उच्चतम सफलता मिलोस् भन्ने शुभेच्छा व्यक्त गरेको हुँ । किनभने एउटा व्यक्ति मात्र नभएर तपाईं नेपालको सही कम्युनिस्ट आन्दोलनको एउटै मात्र मूलधार र प्रवाह रहेको एमाले पार्टीको महासचिव हुनुहुन्छ । संस्थागत रूपमा चिनिएका व्यक्तित्वका हरगतिविधि र क्रियाकलापहरू जन सामान्यका लागि सहजै अनुकरणीय विषय बन्छन् तर विषय विज्ञका लागि भने ती विषय विवेचनात्मक र विश्लेषणात्मक विषय पनि बन्छन् । तर स्वस्ती सलाम मात्र गरेन भनेर प्याकुरेल थरि धेरैजसो धुपौरे नेताले पोल लगाएर मैमाथि कार्यबाही गर्न गराउन पनि सक्छन् । तैपनि तपाईंले आफ्नो जन्मोत्सव मनाएका विषयमा केही महत्वपूर्ण सांस्कृतिक संवेदनशील विचार राख्ने दुस्साहस गरेको छु ।

जननेता मदन भण्डारीले वैदिक सनातनलगायत संस्कार र संस्कृतिका अनेकौं महत्वपूर्ण पक्षहरूको जगेर्ना गर्ने कुरा गर्नुभएको छ र तिनमा निहित कैयौं विकृतिलाई कलात्मक हस्तक्षेपमार्फत् निष्प्रभावी पार्न सकिने कुरा पनि उल्लेख गर्नुभएको छ । जबज भनेको राजनीतिक सत्ता र सरकार केन्द्रित दस्तावेज मात्र होइन, यो सांस्कृतिक रूपान्तरणसित घनिष्ट रूपमा जोडिएको अनमोल सिद्धान्त हो । भण्डारीलाई धर्मको सही व्याख्या गरिएको छैन भन्ने थाहा थियो । उहाँलाई अग्निपुराण ज्ञानकोष हो भन्ने पनि थाहा थियो । भण्डारीलाई उहिल्यै जात, पात, उँच र नीचजस्ता विभाजनकारी र चरम रुढीगत मान्यता थिएन भन्ने पनि थाहा थियो ।

दासी पुत्र विदुर पानीसम्म नचल्ने जातका सन्तान त्यो समाजमा कर्मले सम्मानित भएका हुन् र १८ पुराणका रचयिता भनिएका व्यास जन्मले उच्च कुल र घरानाका होइनन् भन्ने पनि मदनलाई थाहा नहुने कुरा थिएन । गहिरो अध्ययन गरेपछि थाहा हुनु स्वभाविक छ । त्यसैले वैदिक सनातन वा हिन्दू धर्मभित्र नै जीवन उपयोगी, समाज उपयोगी तथा मानव समाजलाई सभ्य र भव्य बनाउने पक्षहरू छन् तर त्यहीं चरम रुढीवादी चिन्तन र चरित्र पनि विद्यमान छन् । यस्ता सकार र नकारका मान्यताहरूको चर्चा गरेर भण्डारी धार्मिक जनताका बीच छलफल चलाउनुहुन्थ्यो र सकारात्मक धार्मिक संस्कार र संस्कृति अपनाउन चित्तबुझ्दो गरी सम्झाउनुहुन्थ्यो र तिनलाई रूपान्तरण गर्न भरपुर प्रयत्न गर्नुहुन्थ्यो । किनभने उहाँमा समाजलाई गुणात्मक रूपान्तरण गर्ने विषयमा पर्याप्त ज्ञान थियो । अनि पो पार्टी नेता र कार्यकर्तामा समाजलाई गुणात्मक रूपान्तरण गर्ने विषयको राम्ररी बोध हुन्छ । पार्टी अध्यक्ष केपी ओलीले नै 'कराग्रे बसते लक्ष्मी'को वस्तुपरक व्याख्या गर्नुभएको थियो । विगत कालमा धर्म, संस्कार र संस्कृतिको गरिएको उल्टा व्याख्या सुल्ट्याउने हो भने त्यो समाज रूपान्तरणको महत्त्वपूर्ण महान् विषय र सामग्री बन्ने देखिन्छ । मार्क्सले भौतिकवादको सुल्टो व्यख्या र विश्लेषण गरेर मार्क्सवादको प्रतिपादन गरेको हो । अहिले पनि रुढीगत धार्मिक गतिविधि र क्रियाकलापहरू जनमन ग्रस्त देखिन्छ । यसको सिकार कम्युनिस्ट नेताहरू नै मनग्गे छन् ।

यही कुरालाई मनन गरेर यस लेखकले अर्वाचीन पुराणको परिकल्पना र यसको आफ्नै घरमा प्रयोग गरेको हो । तर सुनिदिने को छ र आफू न नेता परियो न नेताको नाताको । कार्ल मार्क्सले धर्मलाई अफिम भनेको विषयको अहिलेसम्म अपव्याख्यामा हामी रमाइरहेका छौं । मार्क्सले क्याथोलिक धर्मका तुलनामा प्रोटेस्टेट धर्मलाई सकारात्मक ठहर गर्नुभएको थियो । मार्क्सले जीवन जगत्को उत्थान र विकास निर्माणमा भगवान्को कुनै पनि कारण र प्रभाव हुँदैन । यस्ता चरम अन्धविश्वासी कुरामा भर पर्नु परेर कसैको प्रगति हुँदैन भन्नुभएको हो । उहाँले यो वा त्यो धर्म मान्नु नमान्नु भनेर कहिल्यै भन्नुभएको थिएन र छैन । बरु उहाँले धर्म र भगवान्को एकोहोरो अन्धभक्तिको नसा अफिमजस्तै खतरानाक हुन्छ भन्नुभएको हो । असाध्य रोगबाट पीडित मानिसलाई कथित धर्म र ईश्वरले अफिमले झैं एकछिन लठ्याएर क्षणिक राहत दिएजस्तो मात्र हो । मार्क्सले धर्मसम्बन्धी भनेका समग्र विषय र पक्षहरू नबुझी अज्ञानताबस कम्युनिस्टहरूले धेरै अतिवादी वा ज्यादती काम गरेका छन् । नास्तिक अभियानका नाममा रुस र चीनमै पनि धार्मिक नरसंहार गरिएको थियो । सर्वनाशपछि चेत खुलेर चीनमा धर्म र संस्कृतिसम्बन्धी चेत खुल्यो ।

नेपालमा बाह्य आवरणमा कम्युनिस्ट देखिने तर भित्रभित्रै चरम धार्मिक अन्धवाद व्याप्त देखिन्छ । ब्रतबन्धको मूल तात्पर्य नै नबुझी छोराको बिरालो बाध्ने खालको ब्रतबन्धमा लाखौं खर्च गर्ने पार्टी स्थायी समितिका सदस्य कोसी प्रदेशमै देखियो । मिसन ग्रास रुट अभियानमा सुनसरी अएका/आएकी नेताले आफू हिँडेका बाटो बिरालोले काटेको देखेपछि तिनको होस हवास उडेको थियो । नयाँ नयाँ विद्यार्थी भर्ना गर्ने, पार्टीमा आयाराम र गयाराम भइरहने तर तिनलाई प्रशिक्षित गर्ने काम फिटिक्कै नगर्ने रोग व्याप्त छ । अहिले नै पनि विभिन्न प्रदेश जिल्ला र नगरहरूमा आन्तरिक अन्तर्विरोधलाई समाधान गर्ने सोच विशेष अभियानका नेतामा खासै भएको देखिन्न । गरिस् गरेँ तालले परिणाम आउन सक्तैन । औपचारिक सतही भाषण र निर्देशन मात्र गरेर काम सफल हुँदैन । धार्मिक सांस्कृतिक र संस्कारजन्य अन्धरूढीले जनमनमा गहिरो प्रभाव पारेको छ तर जीवन जगत् र संस्कृतिसम्बन्धी जीवनवादी तथा समाजोपयोगी पक्ष प्रसंगहरूमाथि जनतामा स्वतःस्फूर्त उत्प्रेरणा जगाउने काम गरिएकै छैन । यसमा मार्क्सवादी सांस्कृतिक दूरदर्शी नेतृत्वकै अभाव हो, समाजको गुणात्मक रूपान्तरण गर्ने सोचकै अभाव हो । जानेदेखि बोल्दा मात्र काम हुन्छ । सामन्तवादीहरूले परम्परागत धार्मिक सांस्कृतिक र संस्कारसम्बन्धी रुढीहरूलाई विचार, रचना र संगीतमय कलात्मक रूपमा अहोरात्र प्रवाह गरिरहन्छन् ।

भात खाँदा होस् कि अरू कुनै पनि बेलाको जीवनको दैनिकीमा होस् धर्मका नाममा भाग्यवाद हरतरहले भट्याइन्छ र यसरी हजारबार त्यो पनि सुमधुर स्वर, संगीत र नृत्य र नृत्य र नाट्यमार्फत् प्रचार गरेपछि असत्यलाई जनमनले सत्य नै मान्छ कसरी जनमनमा प्रभाव पार्नुपर्छ सामन्तवादी र पुँजीवादीलाई थाहा छ कम्युनिस्टलाई यस विषमा एककन्चो ज्ञान छैन । सामन्तवादले सुमधुर स्वर संगीतका माध्यमबाट मनै लोभ्याउने गरी भाग्यवाद प्रवाह गर्छ । अनि प्रगतिशील वा प्रगतिवादी भनिने वरिष्ठ स्रष्टा र लेखक कविहरू पनि गोष्ठीमा त्यही भाग्यवादी कविता नै पढ्छन् । सबै किसिमले जनताको उल्टो चरम शोषण उत्पीडन गर्ने राजनीतिलाई जनतामा हाबी बनाइरहेको छ र अनि निर्धा, निमुखा अज्ञानी र सिदासिदा जनता भने सामन्ती पुँजीवादी शोषक शाषकको सत्ता र सरकारका लागि मर्न मिट्न तयार हुन्छन् र भएका छन् ।

तर, यस्ता विषयमा बोलिदिने खासै देखिन्न । बोल्ने ठाउँमा विराजमानलाई यति कुरा पनि थाहा छैन र बोल्दैन । भुईं मान्छेले भनेको कसैले गन्दैन । तर यो लेखक अलि फरक छ र यसले विश्वामित्रले झै सडकबाट इन्द्रको आसन हल्लाउने सम्मको तागत राख्छ । अधिकांश कम्युनिस्टहरू जननेता मदन भण्डारीको संस्कृतिका क्षेत्रमा कलात्मक हस्तक्षेपको अर्थ नै नबुझेर हैरान देखिन्छन् । बरु सामन्तवादले आफ्ना हितमा कलात्मक हस्तक्षेप गर्ने कुरामा धेरै बाठो देखिन्छ । यस्ता विषयमा सामन्तवादी र पुँजीवादी राज्य र सरकार पूरै लागिपर्छ तर यता आफ्ना लेखक, कलाकार र बुद्धिजीवीलाई उपेक्षा गरिन्छ ।

जन्मउत्सव मनाउने परिपाटी हाम्रा पूर्वजले सुरुआत गरे । अष्ट चिरञ्जीवीजस्तै दीर्घायुको कामना गर्ने परिपाटी उनीहरूले सुरु गरे । मानिसको तत्कालीन चेतनाले जे जति भ्यायो त्यही गरे । उहिल्यै मानव पुर्खाले जसले बढी दिन्छ, र समाजको भलाइका लागि आफूलाई समर्पित गर्छ, त्यसलाई देवता र भगवान् भने । यसरी उनीहरूको नजरमा वायु, जल, जंगल, अग्नि, सूर्य, वनस्पति आदि देवता हुन् । ईश्वर र भगवान्का पनि वस्तुपरक व्याख्या छन् । आत्मा भनेको जीव, देश र शरीर हो तर उहिल्यै यसको जे जस्तो व्याख्या गरियो त्यसैमा भर परेको भए मार्क्सवादको जन्म नै हुने थिएन । त्यसैले संस्कार र संस्कृतिका सम्बन्धमा हाम्रा पुर्खाका विचार धारणा र व्यवहारमा सकारात्मकता देख्न सक्नुपर्छ ।

हामीले बत्ती निभाएर होइन बत्ती बालेर जन्मोत्सव गर्ने हो । बत्ती बलेझैं देदीप्यमान हुनु भन्ने हाम्रो सांस्कृतिक आदर्श हो । यो कुरा यस प्रसंगमा सबैले सुन्ने र थाहा पाउने गरी बताउनुपर्छ र मात्र सही विचार र संस्कृतिबारे जनमनले थाहा पाउँछ । दियो, कलश र गणेश एउटा प्रतीक हो । उद्घाटन समारोहमा दियो वा कलश अहिले पनि बाल्नुको कारण यही हो । यसो गर्दा जात जाने होइन र केक काट्ता इज्जत बढ्ने होइन । हाम्रा पुर्खाले सभाभ्यो नमः भने अर्थात् सभामा उपस्थित श्रोता र दर्शकलाई पहिलो नमन गर्नुको अर्थ जनता सर्वशक्तिमान भन्ने आशय हो । अनि मात्र सभापतिभ्यो नमः अर्थात् सभापतिसहित मञ्चासीनलाई नमन भने । के गल्ती गरे ? यस्ता संस्कार मनाउँदा हाम्रा आफ्नै संस्कृतिका सकारात्मक पक्षहरू प्रवाह गर्दा भावी पुस्ताका लागि अनुकरणीय अनुसरणीय विषय हुन्छन् ।

पश्चिमा परम्पराको अन्ध नक्कल गर्दा हामी संस्कृतिविहीन हुने खतरा देखिँदै छ । केवल नारा र भाषणमा सांकृतिक रूपान्तरण हाम्रो अभियान भन्ने तर यस विषयको गुदीतत्वमा प्रवेश नै नगर्ने दयनीय अवस्था छ । यस अवस्थामा महासंघका केन्द्रीय सदस्य तथा प्रसिद्ध कलाकार ओम विक्रम ओझाका स्व. पिता घर्सीराम ओझाका स्मृतिमा महासंघ, सुनसरीले श्रद्धाञ्जली सभासँगै मृत्यु संस्कार विमर्श कार्यक्रम सम्पन्न गरेको छ । यहाँ त आफू नजान्ने अनि भनेको पनि नमान्ने अराजकताले रूपान्तरणको काम शून्य अवस्थामा रहेको देखिन्छ । अनि कसरी नेता, कार्यकर्ता, बुद्धिजीवी र स्रष्टालाई रूपान्तरित गर्न सकिन्छ । यति पनि नगरी मिसन ८४ कसरी सफल हुन्छ । लागेपछि त भित्री मनदेखि नै लाग्नुपर्ने होइन र ?




सौर्य दैनिक मधेस




# मौलापुरमा भेटियो अद्‌भुत पुरातात्विक अवशेष



■ आरके श्रीवास्तव

रौतहट । जिल्लाको मौलापुर-५ पतौरास्थित महादेव मन्दिर नजिकै उत्खनन गर्दा आश्चर्यजनक संरचना भेटिएको छ । पुरातत्व विभाग र मौलापुर नगरपालिकाको संयोजनमा भइरहेको उत्खननमा हजारौं वर्ष पुरानो संरचना भेटिएको हो ।

पुरातत्व विभागका आर्किटेक्चर रोशनी महर्जनले जमिनको सतहदेखि २ सय ७८ सेमी गहिराइसम्म उत्खनन गरिरहेको बताउँदै निकै पुराना संरचना भेटिएको दाबी गरेकी छन् ।

गत ११ फागुनदेखि भएको उत्खनन कार्य २५ फागुनसम्म पुरातत्व विभागको पाँच सदस्यीय टोलीले गर्ने बताइएको छ । पुरातत्व विभागको टोलीमा उपसचिव देवेन्द्रनाथ तिवारी, नायबसुब्बा विराज थापा, प्रकाश दर्लान र रमेश श्रेष्ठसहित आर्किटेक्चर रोशनी महर्जन रहेका छन् ।

पुरातात्विक महादेव मन्दिरभन्दा करिब एक सय मिटर उत्तरमा भेटिएको पुरातात्विक अवशेषको अहिले उत्खनन भइरहेको छ । पुरातात्विक अवशेष देखिएको ठाउँलाई यसै वर्ष मौलापुर नगरपालिकाले २० लाख रुपैयाँ दिएर अधिग्रहण गरेको छ । तर, उत्खनन गर्दै जाँदा पहिले अनुमान गरिएको भन्दा उत्तरतिर संरचना बढ्दै गएको छ । जमिन भित्रको संरचना उत्खनन गर्दै जाँदा उत्तरतर्फ निजी जमिनसम्म गइरहेकाले स्थानीयले उत्खननमा अवरोध गरिरहेको आर्किटेक्चर महर्जनले बताइन् ।

'स्थानीयले जमिनको मुआब्जाको कुरा उठाउँदै अवरोध गरेका छन्, 'आर्किटेक्चर महर्जनले भनिन्, 'यस बारेमा नगरपालिकाले व्यवस्थापन गर्नुपर्ने हो ।' अर्कोपटक आउँदा नगरपालिकाले जग्गाको किचलो मिलाइसकेको हुनुपर्ने पुरातत्वविदहरूको सुझाव छ ।

मौलापुर-५ पतौराको जमिनभित्र भेटिएको संरचना अद्‌भुत रहेको र पुरातत्वविदहरूले नेपालमै सबैभन्दा पुरानो संरचना भएको बताउने गरेको पूर्वमन्त्री तथा यस क्षेत्रका सांसद प्रभु साहले दाबी गरेका छन् ।

पुरातात्विक महादेव मन्दिरको उत्खनन कार्यदेखि नै संलग्न रहेका विराज थापाले भने, 'यस किसिमको अद्‌भुत संरचना नेपालमा अन्यन्त्र कतै देखिएको छैन ।'

पुरातत्वविदलाई नै आश्चर्यचकित बनाइरहेको उत्खननले नेपालको इतिहासमा नयाँ अध्याय थप्ने विश्वास गरिएको छ । मौलापुर नगरपालिकाकी नगरप्रमुख रिनाकुमारी साहले नगरपालिकाको लगानीमा उत्खननको काम निरन्तर भइरहेको बताउँदै पुरातत्वविद्ले उत्खनन पूरा नगरेसम्म सबै किसिमको सहयोग गरिरहने बताएकी छन् । नगरप्रमुख साहले भनिन्, 'मौलापुरको मात्र नभई रौतहटमार्फत यो पुरातात्विक सम्पदा देशकै धरोहर हो ।'

उत्खनन कार्य अझै भइरहेको र स्थानीयले अवरोध गरेको ठाउँतर्फ धरतीको गर्भभित्रैबाट संरचना अगाडि बढेको पाइएकोले कुनै समयमा यहाँ निकै ठूलो भव्य महल वा मन्दिर रहेको अनुमान रहेको छ । पतौराको धरतीभित्र अझै कति पुरातात्विक अवशेष छ ? उत्खनन पूरा नहुञ्जेल केही भन्न नसकिने अवस्था रहेको थापाले बताए ।

गतवर्ष महाशिवरात्रीको समयमा मौलापुर मधानी महोत्सवमा सहभागी हुन आएकी भारत बिहार सरकारको सेवा निवृत्त पुरातत्वविद डा.विद्या चौधरीले इँट्टालाई हेर्दै गुप्तकालको रहेको बताएकी थिइन् ।

मौलापुर नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत रामबाबु साहले हजारौं वर्ष पुरानो पुरातात्विक संरचना धरतीको गर्भबाट उत्खननमा देखिएको र अझै उत्खनन भइरहेकाले नगरपालिकाले विशेष महत्व दिएर काम गरिरहेको बताएका छन् ।

पुरातात्विक महादेव मन्दिरमा मेला लगाउन तथा यहाँको पुरातात्विक अवशेषको बारेमा दुनियाँलाई जानकारी गराउन हरेक वर्ष मौलापुर नगरपालिकाले देश विदेशका कलाकार बोलाएर मधानी महोत्सव र अन्तर्राष्ट्रियस्तरको कुस्ती प्रतियोगिता गराउने गरेको बताएका छन् ।

# विद्यालय आउने सार्वजनिक बाटो वडाध्यक्षले कब्जा गरेको प्रअको दाबी

■ सौर्य समाचार

रौतहट । रौतहटको गुजरा नगरपालिका-५ मा सञ्चालन रहेको रहमान प्राथमिक विद्यालयमा जाने सार्वजनिक बाटो कब्जा गरिएको छ । सार्वजनिक बाटो कब्जा गरेपछि विद्यालयमा अध्यन गर्ने बालबालिकालाई विद्यालय जान समस्या भएको हो ।

साविक गाउँ विकास समिति लक्ष्मीपुर-७ मा अवस्थित रहेको विद्यालयका प्रध्यानाध्यापक मोहमद अफरोज आलमले निर्वाचित वडा अध्यक्ष शेख जमालुदीनले सर्वे नक्सामा करिब ७० फिट कायम रहेको सार्वजनिक सडक कब्जा गरेको आरोप लगाएका छन् ।

वडा अध्यक्ष जमालुदीन र सोही वडाका ६५ वर्षीय शेख वहाबले विद्यालयमा आउन जानका लागि प्रयोग हुँदै आएको बाटो निजी कब्जामा लिएको उनले दावी गरेका छन् ।

सोमबार रौतहट जिल्लाको गौरमा सञ्चारकर्मीसँग कुरा गर्दै प्रध्यानाध्यापक आलमले यस्तो आरोप लगाएका हुन् । रौतहट कनकपुर-१ को किता नम्बर २५१४ को दुई कट्ठा जग्गामा स्थापना भएको विद्यालयको नेपाल सरकारको सर्वेमा पश्मिम तर्फबाट कायम रहेको करिब ७० फिट सार्वजनिक सडक वडा अध्यक्षले बलपूर्वक कब्जा गरेपछि विद्यालयमा अध्यनरत ३ सय ८३ जना बालबालिकाको पठनपाठन प्रभावित भएको उनले बताए ।

विद्यालयको विकास गर्नुपर्नेमा स्थानीय सरकारका निर्वाचित जनप्रतिनिधिले विद्यालयको विनास गर्नेतर्फ अग्रसर भएको उनले बताए ।

२०६६ सालमा स्थापना भएको सो विद्यालयका विद्यार्थी सोही बाटो भएर विद्यालयमा आउने



गरेकोमा अहिले आएर वडा अध्यक्षले सो बाटो निजी रूपमा कब्जा गरेपछि विद्यार्थीहरूको पढाइ प्रभावित भएको उनले सुनाए ।

विद्यालयमा आउने बाटो कब्जा गरेका वडा अध्यक्ष उपरमा सम्मानित उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगञ्जमा निषेधाज्ञा दायर गरेकोमा फागुन २२ गते छलफलका लागि तारिक तोकिएको प्रधानाध्यापक आलमले जानकारी दिए ।

उनका अनुसार निषेधाज्ञाको सूचना पाएका वडा अध्यक्षले बाटैमा इँटाको पर्खाल लगाएका छन् । विद्यालयमा जाने बाटो किन अवरोध गरेको भन्दा उल्टै कुटपिट गर्ने धक्की दिने गरेको उनले बताए ।

कब्जा गरेको बाटो खुलाउनका लागि नगरप्रमुख र उपप्रमुखलाई जानकारी गराउँदा कुनै सुनवाइ नभएको उनले गुनासो गरे ।

# लागुऔषधसहित दुई महिला पर्सा प्रहरीको नियन्त्रणमा



■ पवनप्रसाद साह

वीरगञ्ज । लागुऔषधसहित दुई जना महिलालाई पर्सा प्रहरीले नियन्त्रणमा लिएको छ ।

वीरगञ्ज महानगरपालिका-१६ रजतजयन्ती चोकस्थित सडक खण्डबाट जिल्ला प्रहरी कार्यालय मातहत प्रहरीचौकी इनर्वा र लागुऔषध नियन्त्रण ब्युरो शाखा पर्साबाट खटिएको संयुक्त चेकिङ टोलीले उनीहरूलाई नियन्त्रणमा लिएको हो ।

भारतको रक्सौलबाट वीरगञ्जतर्फ आउँदै गरेका सवारी साधन तथा पैदल यात्रीलाई जाँच गर्ने क्रममा शंकास्पद लागेपछि उनीहरूलाई नियन्त्रणमा लिएको प्रहरीले बताएको छ । पक्राउपर्नेमा भारत विहार पूर्वी चम्पारण बस्ने ४३ वर्षीय रूकसाना खातुन र सोही स्थान बस्ने २० वर्षीय अप्सना खातुन छन् ।

उनीहरूले शरीरको विभिन्न भागमा लुकाएर ल्याएको अवस्थामा लागुऔषध buprenorphine-१४८ एम्पुल, Dizepam-१४९ एम्पुल, phenargan-१३९ एम्पुल buprenorphine-१४८ एम्पुल, Dizepam-१४७ एम्पुस, phenargan-१४७ एम्पुल गरी जम्मा ८७८ एम्पुल फेला परेको प्रहरीले जनाएको छ ।

लागुऔषधसहित उनीहरूलाई नियन्त्रणमा लिई लागुऔषधसम्बन्धी कसुरमा थप अनुसन्धान कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक कुमार बिक्रम थापाले जानकारी दिए ।

# भारतीय टाटासुमोले ठक्कर दिंदा दुई जनाको मृत्यु, एक घाइते

■ सौर्य समाचार

जलेश्वर । महोत्तरीको मटिहानी जनकपुर सडकखण्डमा भारतीय टाटासुमोले ठक्कर दिँदा दुई जनाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन् ।

दुर्घटनामा मृत्यु हुनेमा महोत्तरी पिपरा गाउँपालिका-५ का ६० वर्षीय अकवर राइन र धनुषा क्षिरेश्वरनाथ नगरपालिका-१ का ६० वर्षीय राजकिशोर यादव रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक दिलीपकुमार गिरीले जानकारी दिए ।

जनकपुरबाट मटिहानीतिर गइरहेको बिआर ०६ पिडी ३३३० नम्बरको टाटासुमोले आइतबार राति पिपरा-१ स्थित सडकखण्डमा पिपराबाट मटिहानतिर जाँदै गरेको मधेस प्रदेश ०१ त ३००९ नम्बरको ट्र्याक्टरलाई ठक्कर दिएको थियो । ठक्करबाट ट्र्याक्टरमा



पछाडि बसेका राइनको मृत्यु भएको थियो भने सोही क्रममा टाटासुमोले विपरीत दिशाबाट साइकलमा आउँदै गरेका यादवलाई ठक्कर दिएको थियो ।

सोही टाटासुमोको ठक्करबाट ट्र्याक्टरमा सवार पिपरा-५ का ६० वर्षीय झप्सी कवाडी गम्भीर घाइते भएका थिए । उनको प्रादेशिक अस्पताल जनकपुरमा उपचार भइरहेको जनाइएको छ । टाटासुमो पनि मटिहानी-४ स्थित सडक छेउमा पल्टिएर दुर्घटना भएको र चालक फरार रहेका बताइएको छ ।

# 'श्रमिकलाई राज्यले हेर्ने दृष्टिकोण गलत छ'




■ अनिल गौरव

कलैया । नेपाली कांग्रेस बाराका सभापति राजेश राय यादवले श्रमिकहरू राष्ट्रको गहना भएको बताएका छन् ।

सोमबार ७८औं श्रमिक स्थापना दिवसको अवसरमा बाराको कलैयामा आयोजित कलैया अस्पतालका बिरामीलाई फलफूल वितरण कार्यक्रममा उनले सो कुरा बताएका हुन् । उनले श्रमिकहरूबाट देश जनताको हितमा धेरै काम भए पनि श्रमिकलाई राज्यले हेर्ने दृष्टिकोण गलत भएकोले आज देशले आर्थिक मन्दिको समाना गर्नु परेको उनले बताए । देशलाई निकास दिन श्रमिकको उचित मागको सम्बोधन हुनुपर्ने उनले बताएका थिए ।

उक्त कार्यक्रममा नेपाल शिक्षक संघ बाराका अध्यक्ष राजकिशोर सहनी, नेपाल ट्रेड युनियन कांग्रेस बाराका महिला उपाध्यक्ष अनिला चौधरी, नेपाल तरूल दल बाराका अध्यक्ष दिपेन्द्र पटेल, नेपाल कृषि सम्बन्ध श्रमिक सघ बाराका अध्यक्ष ओमप्रकाश यादव, नेपाल करखाना श्रमिक सघ बाराका अध्यक्ष अरूण यादव, नेपाल श्रमिक सघका बैधनाथ राउत अहिरलगायतले शुभकामना दिएका थिए ।

# खेलको नाममा ठगी नगर्न प्रभु साहको आग्रह

■ राकेश यादव

रौतहट । आमजनता पार्टीका अध्यक्ष एवं रौतहट ३ का प्रतिनिधिसभा सदस्य प्रभु साहले नेपाल क्रिकेट संघलाई क्रिकेटको लागि आएको बजेट सार्वजनिक गर्नुपर्ने बताएका छन् ।

रौतहटको मौलापुर नगरपालिकामा पार्टीका कार्यकर्तालाई सम्बोधन गर्दै अध्यक्ष साहले क्रिकेट खेलको नाममा ठगी गर्ने कार्य बन्द गर्न रौतहट जिल्ला क्रिकेट संघलाई आग्रह गरेका छन् ।

उनले भने, 'रौतहट जिल्ला क्रिकेट संघले खेलाडी छनौटको नाममा क्रिकेट खेल्ने खेलाडीलाइ भ्रमित गरिरहेको छ त्यस्तो कार्य बन्द गर्नुपर्छ ।'

रौतहटको सदरमुकाम गौरमा फागुन २६ गतेदेखि हुन लागेको पालिका कप २०८० को प्रतियोगितामा मौलपुर नगरपालिकाले सहभागिता नजनाएपछि रौतहट क्रिकेट संघले गरेको आलोचनाको बारेमा प्रतिक्रिया दिँदै अध्यक्ष साहले १७ पालिका तथा संघसंस्था व्यापारीबाट चन्दा संकलन गरेर ठगी गर्ने कार्य गरिरहेको चर्को आलोचना गरेका छन् ।

नेपाल सरकारले खेलकुदका लागि क्यानलाई बर्सेनि १० अर्ब रुपैयाँ बजेट दिइरहेकोले सोबाट प्रत्येक जिल्लामा एक करोडभन्दा बढी रहेका भागमा पर्ने हुँदा चन्दा किन दिनुपर्ने भन्दै प्रश्नसमेत



गरेका छन् ।

'क्यानले भन्नुपर्‍यो, पैसा छैन म दिन्छु', उनले भने, ' बजेट छ भने मौलापुर नगरपालिकालाई पनि क्रिकेट प्रतियोगिता आयोजनाको लागि दिनुपर्छ ।'

आफू सुरुमा सांसद भएको बेला मौलापुरमा जिल्लास्तरीय क्रिकेट प्रतियोगिता गराउने पहिलो सांसद रहेको दावी गर्दै गौर नगरपालिकाका मेयर, जिल्ला समन्वय समितिको अध्यक्षलाई जिल्लास्तरीय क्रिकेट प्रतियोगिता गराउन क्षमता छैन भने प्रश्न गरे ।

जनकपुर उपमहानगर पालिकाको मेयर जिल्लास्तरीय क्रिकेट प्रतियोगिता गराउन सक्छ भने यहीको क्षेत्र नम्बर १ का सांसद माधवकुमार नेपाललाई सो खेल गराउने हैसियत छैन भनी उनले टिप्पणी गरे ।

पुर्वमन्त्री साहले गौर नगरपालिकाका नगरप्रमुख शम्भू साह कानू, पुर्वप्रदेश सांसद बाबूलाल साह कानूको नाम लिँदै नामको पछाडि नेपाल थपेर माधव नेपालको छोरा भतिजो हुन नसक्ने चर्को आलोचना गरे ।

पालिका कपका लागि मौलापुर नगरपालिकाले सहयोग नगरेपछि रौतहट जिल्ला क्रिकेट संघका कोषाध्यक्ष बिक्रान्त विक्रम नेपालप्रति लक्षित गर्दै साहले यस्तो प्रतिक्रिया दिएका हुन् ।

नेपाल क्रिकेट संघले खेलाडी छनौट गर्दा मौलापुर नगरपालिकाको खेलाडीलाई वञ्चित गर्न कुनै पनि हालतमा नपाउने भन्दै उनले रौतहट क्रिकेट संघको भ्रममा नपर्न खेलाडीलाई अपिल गरेका छन् ।

# हेटौंडा राष्ट्रिय भेलाले चलचित्र पत्रकारलाई निखार्ने काम गऱ्यो : उपाध्यक्ष गिरी

**काठमाडौं । कुबेर गिरी नेपाल चलचित्र पत्रकार संघको केन्द्रीय उपाध्यक्ष हुन् । चलचित्र पत्रकारिताको करिब दुई दशकको अनुभवपछि उनी संस्थाको नेतृत्व तहमा आएका हुन् । टेलिभिजन, छापा हुँदै अनलाइन पत्रिकालगायतमा चलचित्र पत्रकारिता गर्दै आएका गिरीले आफूलाई चलचित्र पत्रकारितामा स्थापित गराएका छन् । उपाध्यक्ष गिरीको नेतृत्वमा चलचित्र पत्रकार संघले गत फागुन ५ देखि ८ गतेसम्म हेटौँडामा प्रथम राष्ट्रिय भेलासमेत सम्पन्न गरेको छ । उक्त भेलाले चलचित्र पत्रकारलाई निखार्ने काम गरेको गिरी बताउँछन् । चलचित्र पत्रकारिताको पछिल्लो अवस्थाको विषयमा उपाध्यक्ष गिरीसँग सौर्य दैनिकका लागि बाबुराम सिग्देलले गरेको संक्षिप्त कुराकानी :**



***० पछिल्लो समय के–केमा व्यस्त हुनुहुन्छ ?***

-चलचित्र पत्रकारको हकहितका क्रियाकलापमा नै क्रियाशील छु । भर्खरै चलचित्र पत्रकार संघको पहिलो राष्ट्रिय भेला हेटौँडामा सम्पन्न गरेका छौँ । गत फागुन ५ देखि ८ गते आयोजना भएको भेलाले देशभरका चलचित्र पत्रकारलाई जोड्ने काम गरेको छ । संघको कार्यक्रम उपाध्यक्ष म भएकाले त्यो कार्यक्रम मेरै नेतृत्वमा सम्पन्न भएको थियो । अबका दिनमा के कस्तो कार्यक्रम गर्ने भन्ने प्लानिङमा छु ।

***० स्थापनाको २५ वर्ष पूरा गरेपछि संघको पहिलो राष्ट्रिय भेला भयो नि ?***

-२५ वर्षको इतिहास बोकेको चलचित्र पत्रकार संघले यसअघि भेला नगरेको कारण यसलाई पहिलो राष्ट्रिय भेला भनिएको होइन । संघले बेलाबेलामा विभिन्न भेला, कार्यशाला, सम्मान, गोष्ठीलगायतका कार्यक्रम आयोजना गर्दै आएको छ । म कार्यसमितिमा आए पनि ९ वटा शाखा रहेको चलचित्र पत्रकार संघले देशभर १३ वटा शाखा, २ प्रदेश कमिटी गठन गर्न सफल भएको छ । सबै शाखा र केन्द्रीय सदस्यसहितको एउटै कार्यक्रम गरौं भनेर हामीले यसलाई प्रथम राष्ट्रिय भेला भनेका हौं । यो भेलामा देशभरबाट चलचित्र पत्रकारिता गर्ने पत्रकारको सहभागिता रहेको थियो । चलचित्र पत्रकारमात्र होइन, चलचित्रकर्मीको पनि बाक्लै जमघट रह्यो ।

***० भेलाको उद्देश्य के थियो ? त्यो पूरा भयो कि भएन ?***

- हेटौँडा राष्ट्रिय भेलाको पहिलो उद्देश्य भनेको देशभरका चलचित्र पत्रकार संगठित हुने र एकअर्कामा परिचित हुने हो । त्यसमा हामी सफल भयौं । त्यसपछिको उद्देश्य संस्थाको साधारणसभा, विधानसभा, अन्तरक्रिया, कार्यशालालगायतका विभिन्न कार्यक्रम थियो । त्यो पनि हामीले सम्पन्न गरेका छौँ । भेलाले चलचित्र पत्रकारिता क्षेत्रमा मात्र होइन, पूरै पत्रकारिताक्षेत्रमा समेत राम्रो सन्देश दिएको छ ।

***० अन्तरक्रिया र कार्यशाला भन्नाले ?***

-हेटौँडा भेलामा हामीले नेपाली चलचित्र र चलचित्र पत्रकारितामा केन्द्रित रहेर विभिन्न बहससमेत चलाएका थियौं । जसले चलचित्रक्षेत्र र चलचित्र पत्रकारलाई अगाडि बढ्न मार्गनिर्देशको कामसमेत गरेको छ । कार्यशालामा हामीले सबै चलचित्र पत्रकारको पत्रकारिताको सिलसिलामा आइपरेका अप्ठ्यारा पहिल्याएर उनीहरुको क्षमता निखार्ने काम गरेका छौं । जसमा नेपालको अनलाइन पत्रकारितामा टप प्रधानसम्पादक अरुण बराल र सम्पादक चिरञ्जीवी पौडेल प्रशिक्षक रहनुभएको थियो । प्रशिक्षकले वर्तमानमा चलचित्र पत्रकारिताको अवस्था र अगाडि बढ्न गर्नुपर्ने क्रियाकलाप, पत्रकारिताको नर्म्स्, पत्रकारको स्वभावलगायत विषयमा प्रशिक्षण दिएका थिए । उक्त अवसरमा सबै चलचित्र पत्रकारले आचारसंहिता, हार्डन्युजदेखि फिचर राइटिङसम्म सिक्ने अवसर प्राप्त गरे ।

***० सिक्ने कुरोमा पत्रकारको चासो रहँदैन भनिन्छ, हेटौँडाको अनुभव कस्तो रह्यो ?***

- त्यो गलत हो । पत्रकारले अन्य व्यक्तिभन्दा हरेक कुराले अगाडि हुनुपर्छ । त्यसैले त उसले सबैभन्दा पहिले सूचना पाउँछ र त्यो सूचना अरुसम्म पुऱ्याउँछ । अन्य पत्रकारको हकमा के हो म भन्न सक्दिन । चलचित्र पत्रकारहरु भने सिक्ने कुरोमा सधैं अगाडि छन् । हेटौँडाको कार्यशालामा देशभरबाट करिब १५० चलचित्र पत्रकार र अन्य केही पत्रकारको सहभागिता थियो । सबैको कार्यशालामा चासोपूर्वक सहभागिता थियो । त्यो देख्दा हामी आयोजकलाई पनि निकै खुसी महसुस भयो ।

***० हेटौँडामा त्यति ठूलो कार्यक्रम सम्पन्न गर्नुभयो । संघको आयस्रोत त्यस्तो केही देखिन्न । कसरी भयो सम्भव ?***

- राम्रो कार्यक्रम गर्न आँट गर्नुपर्छ । हामीले पवित्र उद्देश्यले सबै पत्रकारको विकासमा ध्यान दिएर हेटौँडा कार्यक्रम आयोजना गरेका थियौं । त्यो कार्यक्रममा हामीलाई सहयोग गरेर साथ र हौसला दिन चलचित्र विकास बोर्ड, प्रदेश सरकार, विभिन्न चलचित्रका संघ-संस्थादेखि चलचित्रकर्मीसम्मले सहयोग गर्नुभयो । यो साथ र सहयोगका लागि चलचित्र पत्रकार संघको तर्फबाट म सबैलाई धन्यवाद भन्छु ।

***० चलचित्र पत्रकारितामा पछिल्लो समय केही विकृति छायो भनिन्छ नि ?***

- विकृति कुन क्षेत्रमा छैन र ? । जुन क्षेत्रका मानिसको भीड हुन्छ । त्यो क्षेत्रमा अलिअलि विकृति देखिन्छ । त्यो हामीले हटाउने हो । चलचित्र पत्रकारितामा बढ्दो विकृतिप्रति सचेत गर्न र चलचित्र पत्रकारबाट हुन नदिन हाम्रो हेटौँडामा कार्यशाला सफल भएको छ भन्ने मलाई लाग्छ । हेटौँडा कार्यशालापछि चलचित्र पत्रकारितामा देखिएको विभिन्न विकृति हटेर जानेछ ।

***० हिजो र आजको चलचित्र पत्रकारितालाई कसरी विश्लेषण गर्नुहुन्छ ?***

- हिजोको पत्रकारिता निकै कठिन थियो । पत्रकारितामा टिक्न र बिक्न धेरै संघर्ष गर्नुपर्थ्यो । अहिलेको जस्तो अनेक सुविधा थिएन । यो क्षेत्रमा लाग्नेको इज्जत राम्रो थियो । पत्रकारितामा पनि राम्रो थियो । मानिसहरु आँखा चिम्लेर विश्वास गर्थे । पहिलेको तुलनामा अहिले अवसर धेरै छन् । प्रविधिको विकासले पत्रकारिता पनि सजिलो भएको छ । तर प्रविधिको विकाससँगै पत्रकारिताप्रतिको विश्वास र लोकप्रियता पनि गुम्दो छ । त्यो जोगाउनु अहिलेको चुनौती हो । त्यसैले पनि हामी चलचित्र पत्रकारितामा लागेकालाई सक्षम बनाउनु पर्छ भन्ने उद्देश्यले विभिन्न कार्यक्रम गर्दै आएका छौं ।

***० चलचित्र तथा मनोरञ्जन पत्रकारिता व्यवस्थित बनाउन के गर्नुपर्ला ?***

-चलचित्र, मनोरञ्जन पत्रकारिता व्यवस्थित बनाउन हामीले यसमा देखिएको विकृति, विसंगति बेलाबेलामा केलाउनुपर्छ । यहाँ रहेका व्यक्तिको समस्या, अप्ठ्यारा पहिचान गर्दै समाधानको बाटो खोज्नुपर्छ । बेलाबेलामा समयसापेक्ष तालिम, गोष्ठीको व्यवस्था गर्नुपर्छ । अहिलेको समय यो सबै क्रियाकलाप संघले गर्दै आएको छ ।

# 'महाजात्रा' को ट्रेलर



■ सौर्य समाचार

काठमाडौं । प्रदीप भट्टराईले निर्देशन गरेको चलचित्र 'महाजात्रा' को ट्रेलर सार्वजनिक भएको छ । बेरोजगारीदेखि कालो धनको विषयवस्तुलाई देखाइएको सार्वजनिक ट्रेलरमा कालो धनको विषयलाई उठान गरिएको छ । कालो धन लुकाउन नेताले बेरोजगार युवालाई कसरी प्रयोग गर्छन् भन्ने विषय ट्रेलरमा प्रस्तुत गरिएको छ । हाँस्य संवादहरुले ट्रेलरलाई निकै रोचक बनाएको छ ।

चलचित्रमा अभिनेता विपिन कार्की, अभिनेत्री वर्षा राउत, रविन्द्र सिंह बानियाँ, हरिवंश आचार्य, शिशिर बाङ्देल, दिव्य देव, रविन्द्र झा, राजाराम पौडेल लगायतका कलाकारको अभिनय छ । निर्देशक प्रदीपकै लेखन रहेको चलचित्रको निर्माता म्याक्स दीपेश खत्री र यज्ञश्वर पौडेल हुन् । रविन्द्र सिंह बानियाँ कार्यकारी निर्माता रहेको यो चलचित्र आगामी ९ चैतबाट देशव्यापी प्रदर्शनमा आउने तयारीमा रहेको निर्माण पक्षले जनाएको छ ।

# सेञ्चुरीको चिया कफी देउ




■ सौर्य समाचार

काठमाडौं । निर्देशक निरेन श्रेष्ठ निर्देशित पछिल्लो लोक दोहरी गीत 'चिया कफी देउ' को भिडियो सार्वजनिक भएको छ । अर्जुन सुवेदीको शब्द रहेको गीतमा गायक खेम सेञ्चुरी र गायिका सुनिता बुढा क्षेत्रीको स्वर छ । सागर लामाका संगीत रहेको गीतको भिडियोमा कुमार सुनिल, अञ्जली अधिकारी, गोकुलप्रसाद ढकाल लगायतका कलाकारको अभिनय छ । राम केसीले खिचेको भिडियोको कोरियोग्राफर राजाराम सिम्खडा हुन् । भिडियो रोयल मुभिज प्रालिले पोस्टप्रोडक्सन गरेको हो ।

# नेपाली अर्केस्ट्रा बनाउने गुरुङको सपना

■ सौर्य समाचार

काठमाडौं । संगीतसम्राटका रुपमा परिचित गायन, संगीत र गीत रचनाका प्रतिभा अम्बर गुरुङको एउटा महत्वपूर्ण सपना थियो 'नेपाली चेम्बर अर्केस्ट्रा' बनाउने । तत्कालीन शाही नेपाल प्रज्ञा प्रतिष्ठानमै रहँदा उनले ६ जना जतिको अर्केस्ट्रा बनाउने सपना बुनेका थिए । उक्त सपना अहिलेसम्म पूरा हुन सकेको छैन ।

उनको सोमबार ८६औँ जन्मजयन्ती मनाइरहँदा संगीत साधकहरुले त्यही कुरालाई घच्घच्याइरहेका छन् । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले उनको जन्मजयन्तीका अवसरमा उनको योगदानको सम्मानमा संगीतकर्मीबीच काठमाडौंमा अन्तरक्रिया गरी स्मरण गरेको छ । उक्त प्रतिष्ठानका प्रथम कुलपति तथा नेपाली राष्ट्रियगानका संगीतकार हुन् अम्बर । उनको अर्केस्ट्रा बनाउने सपना पूरा हुन नसकेकोमा सहभागीले चिन्ता प्रकट गरेका छन् ।

गुरुङसँग १५ वर्ष काम गरेका दीपक जंगम नेपाली अर्केस्ट्रा बनाउने उनको सपना पूरा गर्नसके त्योभन्दा ठूलो उपलब्धि अरु केही नहुने र उनको सच्चा सम्मान हुने बताउँछन् । उनले गुरुङ नेपाली गीत, संगीत र नाट्य विधालाई अन्तर्राष्ट्रियस्तरको कसरी बनाउन सकिन्छ भनेर चिन्तन मनन् गरिरहने व्यक्तिका रुपमा सम्झिए । उनले भने, 'नेपालमा पनि गीत, संगीतका धेरै विज्ञहरु हुनुहुन्छ, उहाँहरुको विज्ञतालाई प्रयोग गर्न सके पनि अम्बर दाईको सोच केही प्रतिशत पुरा हुन्छ ।' विसं १९९४ फागुन १४ गतेका दिन दार्जिलिङको लालढिकीमा उनको जन्म भएको थियो । उनका हजुर बुवा भारतीय सेनाको जागिरे भएर भारत गएका थिए । उनका बुवा उजिरसिंह गुरुङले पनि भारतीय सेनामै जागिर खाएका थिए । उनको पुर्ख्यौली थलो भने गोरखा जिल्लाको रिसिङ हो । नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भूपाल राईले नेपाली राष्ट्रियगानका संगीतकार मात्रै भनेर अम्बर गुरुङको योगदानलाई नभुल्न आग्रह गरे ।



उनले स्मरण गरे, 'अम्बरदाईको आफ्नै गायन, शब्द र संगीत रहेको 'उकाली चढ्दा पसिना पुछ्ने तिमी नभए अरु को होला...ले संवेदनामै हिर्काएको महसुस हुन्छ, अर्को उहाँकै शब्द र संगीत रहेको 'सम्हालेर राख...' बज्दा दाईको बिम्ब मेरा अगाडि आउँछ ।' गुरुङलाई संगीतको ऋषिमुनि मान्ने कुलपति राई जीवनको उत्तरार्धमा उनीसामु संगीत भर्न अनुरोधका लागि भन्दा पनि उनका कुरा सुन्न जाने गरेको सुनाए । गुरुङलाई सम्झँदा नेपाल प्रवेश अघिको 'नौ लाखे तारा...' को समयलाई एउटा आयाम र नेपाल आएपछिको अवस्थालाई अर्को आयामका रुपमा बुझ्नुपर्ने उनले उल्लेख गरे । उनले गुरुङलाई संगीतकार भन्दै गर्दा गीतकार र निबन्धकारको परिचयलाई नभुल्न आग्रहसमेत गरे । 'त्यसैले उहाँ ऐतिहासिक कडी जोडिएको व्यक्ति हो भन्छु म, कोही एउटै गीत, कविताले चर्चित हुन्छन्, तर अम्बरदाई एउटा गीत होइन जुनसुकै गीत, संगीत हेर्नुहोस् कस्तो छ', उनले भने ।

नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति निशा शर्मा प्रथम कुलपति गुरुङको स्मरण गर्दा उनको योगदानका साथै डिप्रेसनमा गएको कुरा भुल्न नहुने बताइन् । त्यसबेला नाट्य निर्देशक सुनिल पोखरेल लगायतका व्यक्तिहरुले गीत गाउन लगाएर उनलाई डिप्रेसनबाट छुटाएको कुरा बिर्सन नहुने जिकिर गरिन् । त्योबेला उनलाई धेरैले बिर्सिएको अनुभव उनले सुनाइन् । पुराना दिग्गज व्यक्तित्वहरुलाई बिर्सन हुन्न भनेर यो कार्यक्रम गरिएको र यसअघि बालकृष्ण समलाई पनि स्मरण गरिएको उनले गराइन् ।

कुलपति शर्माले प्रतिष्ठानमा आफू काम गर्नका लागि आएको र सबैको राय, सुझाव र सल्लाहकै आधारमा संगीत तथा नाट्यलाई अघि बढाउने सोच आफ्नो रहेको सुनाइन् । उनले भनिन्, 'आउनुहोस्, छलफल गरौं, बसौं, कसरी अघि बढाउन सकिन्छ, सरकारलाई घच्घच्याउन सँगै जाउँ, काम गर्न सकियो भने अम्बर गुरुङजस्ता अग्रजहरुको सपना पूरा गर्न सकिन्छ ।' उनले अम्बरको नेपाली अर्केष्ट्रा बनाउने सपना पूरा गर्नका लागि बजेट माग गरेर मन्त्रालयमा योजना पेश गरेको पनि सुनाइन् ।

गुरुङको ८६ औं जन्मजयन्तीका अवसरमा आयोजित कार्यक्रममा प्रतिष्ठानका उपकुलपति शम्भु राई, सदस्य सचिव कुस्मा महरा, संगीतकार अमूल कार्की, पूर्वसदस्यसचिव तथा रचनाकार श्याम तमोटलगायतले गीतसंगीतको क्षेत्रमा अम्बर गुरुङको योगदान अतुलनीय रहेको र उनको सपना पूरा गर्न सबैको एकसाथ पहल जरुरी रहेको औंल्याएका थिए ।

# कर्णाली प्रदेश प्रदर्शनी सम्पन्न

■ सौर्य समाचार

सुर्खेत । 'सामाजिक रूपान्तरण : ललितकलाको अभियान' नाराका साथ पहिलो पटक कर्णाली प्रदेशमा प्रादेशिक प्रदर्शनी सम्पन्न भएको छ । बिहीबारबाट नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानको आयोजना र नेपाल कमर्सियल आर्टिस्ट संघ सुर्खेत जिल्ला समितिको सहकार्यमा सुरु भएको पाँचदिने प्रदर्शनीको समापन सोमबार प्रतिष्ठानका उपकुलपति लालकाजी लामाले गरे । कर्णाली प्रदेशका मुख्यमन्त्री राजकुमार शर्माले एक समारोहका बीच उद्घाटन गरेको 'प्रादेशिक ललितकला प्रदर्शनी २०८०' कर्णाली प्रदेशको सुर्खेतबाट सुरू भएको हो ।

मुख्यमन्त्री शर्माले हामीसँग भएका तमाम प्राकृतिक क्षमता, कलालाई कसरी प्रस्टफुटित गर्ने, अभिव्यक्ति गर्ने र यसलाई विश्वसामु कसरी चिनाउने भन्ने कुरा अहिलेको चुनौती भएको बताए । उनले कला र संस्कृतिको विकासविना राज्य समृद्ध बन्न नसक्ने धारणा व्यक्त गरे । उनले भने, 'कला क्षेत्रलाई माथि उठाउने कुरा सबै मिलेर मात्र सम्भव छ । यसमा कर्णाली प्रदेश सरकार प्रतिष्ठानसँग सहकार्य गर्न सदैव तयार छ ।' प्रदर्शनीमा ४६ जना कलाकारका ६६ वटा कलाकृति समावेश गरिएको बताउँदै प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले संस्थागत नेतृत्व गर्ने अर्थमा प्रज्ञा-प्रतिष्ठान रहेको तर कला सिर्जना गर्ने कुरामा भने कलाकारहरू नै रहेको बताए । उनले समृद्ध समाज निर्माणमा कला र संस्कृतिको भूमिका विशिष्ट रहने विचार व्यक्त गरे ।

उनले भने, 'प्रदर्शनीलाई विगतमा सिधै केन्द्र भनेर काठमाडौं केन्द्रित गरिएको थियो । अहिले हामीले त्यसलाई फरक ढंगले अगाडि बढाउँदै संघीयताको भाव र मर्मलाई आत्मसात् गर्दै कार्यक्रम गरेका हौं । प्रदेश प्रदर्शनी त्यसैको कडीका रुपमा गरिएको हो ।' उनले भौगोलिक र आर्थिक रूपले सर्जकहरूको सहभागिता सहजता खासै नभएको तर पहिलो प्रदेश प्रदर्शनीले अझ बढी उत्साह जगाएको सुनाए । उनले भने, 'यसपटक सम्मान र मूल्याङ्कनमा पनि विशेष सुविधा र पुरस्कार रकम पनि विशेष थप गरिएको छ । कलाको पहिचान प्रदेश र केन्द्रमा मात्र सीमित नगरेर विश्वमा नै चिनाउनु जरूरी छ ।'

प्रतिष्ठानका कर्णाली समन्वय समितिका संयोजक तथा प्राज्ञ पाल्साङमो लामाले नेपाली ललितकलाको जगलाई बलियो बनाउने गरी प्रदर्शनीले मार्ग कोर्नेमा आफू आशावादी भएको बताए । उनले समाज रुपान्तरणका लागि कलाको भूमिका विशिष्ट रहने भएकाले यसको विकासमा सबै एकजुट भएर लाग्नुपर्नेमा जोड दिए । उनले भने, 'प्रदर्शनीले नेपाली समाजमा विकसित कलाकृतिलाई राष्ट्रको मूलधारमा ल्याउन महत्वपूर्ण सहयोग गर्नेछ ।' लामाले कलामार्फत सामाजिक जागरण ल्याउने गरी प्रतिष्ठानले काम गरिरहेको सुनाउँदै उनले कलालाई उपार्जनसँग जोड्दै अगाडि बढ्न प्रतिष्ठानले विभिन्न कार्यक्रम गरिरहेको बताए ।

जननमुना माध्यामिक विद्यालयका प्राचार्य याम श्रेष्ठ, जनसांस्कृतिक महासंघका कार्यबाहक अध्यक्ष भीम कुमाखी, डा.नवराज केसी लगायतले प्रदर्शनीको महत्वका बारेमा प्रकाश पारेका थिए । यस्तै, सो कार्यक्रममा प्रतिष्ठानका प्राज्ञसभा सदस्य झिग्मे लामा, नेपाल कमर्सियल आर्टिस्ट संघका केन्द्रीय सदस्य सुवास शाक्य, संघ सुर्खेत जिल्ला अध्यक्ष धर्म नेपाली, सचिव सुरज लामगाडे लगायतका कलाकारले प्रदर्शनीले कर्णाली प्रदेशको ललितकलाको अवस्थालाई उजागर गर्न मद्दत मिलेको बताए । कर्णाली प्रदेशको प्रदर्शनी जननमुना माविमा फागुन २१ गतेसम्म चलेको थियो ।


## उदयपुरगढी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

उदयपुरगढी, उदयपुर

कोशी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः-२०८०/११/२२, ने.सं. ११४४ सिल्लागा, १० मंगलवार**

यस कार्यालयबाट मिति २०८०/०९/०८ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार रितपूर्वक म्याद भित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका तपसिलको बोलपत्र न्यूनतम मूल्याङ्कन सारभूत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ स्वीकृतको लागि छनौट गर्ने आशयको सात (७) दिने सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.स. | बोलपत्र नं. विवरण | फर्म/कम्पनीको नाम र ठेगाना | कबोल अंक ने.रु. (VAT र PS सहित) |
|---|---|---|---|
| १. | URM/NCB/Works/05-2080/81, Construction and Upgrading of Nepaltar-Udayapurgadhi Darbar Sadak(Chainage 0+000 to 4+000 km) | DC/GALAN/NABITA AND LOPCHAN JV | रु. १,१६,८२,२९६.७८/- (एक करोड सोह्र लाख बयासी हजार दुई सय छयानब्बे रुपैयाँ अठहत्तर पैसा मात्र ।) |

**प्रमुख प्रशासकीय अधिकृत**

सौर्य दैनिक आर्थिक



दूरसञ्चार क्षेत्रको नियामक नेपाल दूरसञ्चार प्राधिकरण नयाँ सेवाप्रदायक कम्पनी ल्याउन सकारात्मक देखिएको छ। हाल नेपाल टेलिकम र एनसेलले दूरसञ्चार सेवा दिइरहे पनि यसले बजारमा अपेक्षित प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्न नसकेको भन्दै नयाँ कम्पनी ल्याउनुपर्ने प्राधिकरण अध्यक्ष भुपेन्द्र भण्डारीले २६ औं वार्षिकोत्सवमा बताएका हुन्

फागुन २४ देखि सातौं 'चेम्बर एक्स्पो' हुने भएको छ। नेपाल चेम्बर अफ कमर्सको आयोजनामा २४ देखि २८ फागुनसम्म एक्स्पो हुन लागेको हो। उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गतको व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको सहकार्यमा हुने एक्स्पोमा फोकस कन्ट्रीका रूपमा दक्षिण कोरिया रहेको छ




# सामाजिक सुरक्षा कोषबाट ७ अर्ब ७२ करोड भुक्तानी




■ **सौर्य समाचार**

काठमाडौं। सरकारले सामाजिक सुरक्षा योजनाअर्न्तगत ७ अर्ब ७२ करोड रुपैयाँ भुक्तानी गरेको छ। कोषले ५० अर्ब रुपैयाँ संकलन गरेको छ। भुक्तानी रकम संकलित फण्डको १५ प्रतिशत हो।

सामाजिक सुरक्षा कोषका अनुसार सुरक्षा योजनाअन्तर्गतका विभिन्न श्रमिक तथा उनीहरुका परिवारलाई दिएको भुक्तानीमा झण्डै ८ अर्ब रुपैयाँ खर्च भएको छ। कोषले विभिन्न ४ योजनामा यस्तो भुक्तानी दिने गरेको छ। कोषका सह-प्रवक्ता रोहित रेग्मीले कोषमा संकलन भएको रकमबाट माग दाबी अनुसार रकम भुक्तानी भएको बताएका छन्।

कोषले हाल सबै भन्दा बढी अवकास दाबी भुक्तानीअर्न्तगत १ लाख २८ हजार २६० जनालाई ६ अर्ब ५६ करोड ७० लाख रुपैयाँ भुक्तानी गरेको जनाएको छ। यसैगरी औषधी उपचार, स्वास्थ्य तथा मातृत्व योजनाअर्न्तगत ५४ हजार ९१० जनाले पटक पटक गरेर ९२ करोड ३० लाख भुक्तानी लिएका छन। आश्रित परिवार सुरक्षा योजना र दुर्घटना तथा अशक्तता सुरक्षा योजनाअर्न्तगत क्रमशः १२ करोड ६८ लाख र १० करोड ८० लाख रुपैयाँ भुक्तानी भएको छ। कोषमा हालसम्म १८ हजार ७३१ रोजगारदाता र ११ लाख ७० हजार ८३८ योगदानकर्ता सूचिकृत भएका छन्। सामाजिक सुरक्षा योजनामा सूचिकृत भएका रोजगारदाताले २० र श्रमिकको तर्फबाट ११ प्रतिशत गरी ३१ प्रतिशत मासिक रूपमा जम्मा गर्नु पर्ने नियम रहेको छ।

कोषले योजनामा रहेका बाहेक सामाजिक सुरक्षा योजनामा नियमित योगदान गर्ने श्रमिक तथा कर्मचारीले घर, शैक्षिक, सामाजिक कार्य र विशेष सापटी गरी ४ वटा सुविधा दिँदै आएको छ। सरकारले सामाजिक सुरक्षा योजनामा योगदान गर्ने श्रमिकका लागि योगदानकर्ता सापटी निर्देशिका जारी गरेपछि सापटी योजना सुरु गरिएको हो। कोषले सापटी योजनाअर्न्तगत घर सापटी, शैक्षिक सापटी, सामाजिक कार्य सापटी र विशेष सापटी योजना गत भदौ १ बाट सुरु गरेको थियो। यी ४ वटा सापटी योजनाअर्न्तगत विशेष सापटी सेवा लिनेको संख्या बढी रहेको कोषले जनाएको छ।

योगदानकर्ता सापटी निर्देशिका अनुसार प्रक्रिया सरल मानिएको विशेष सापटी योजनामा कोषमा जम्मा भएको रकम ८० प्रतिशत लिन पाइने छ। योगदानकर्ता विशेष सापटी लिन कोषमा कम्तीमा ३६ महिना योगदान रकम जम्मा गरेका र उमेर वा सेवा अवधिको आधारमा अनिवार्य अवकाश हुन कम्तीमा दुई वर्ष सेवा अवधि बाँकी रहेका योगदानकर्तालाई निजको अवकाश कोष योजनामा जम्मा भएको रकमको अधिकतम असी प्रतिशत रकमसम्म प्रदान गर्न सकिने प्रावधान रहेको छ। हाल औपचारिक बाहेक वैदेशिक रोजगार, अनौपचापरक तथा स्वरोजगार समेत सूचिकृत हुन सक्ने व्यवस्था गरेको छ।

कोषमा आबद्ध हुन रोजगारदाता सूचिकृत भई आफ्ना श्रमिक तथा कर्मचारीहरूको समेत सम्पूर्ण विवरणसहित सूचिकरण गराउनु पर्ने नियम रहेको छ। सूचिकरण भएका हरेक रोजगारदाता र योगदानकर्तालाई कोषले सामाजिक सुरक्षा नम्बर प्रदान गर्ने र सोही नम्बरमा जम्मा हुने गरी हरेक महिना समाप्त भएको १५ दिनभित्र रोजगारदाताको तर्फबाट आधारभूत पारिश्रमिकको २० र योगदानकर्ताको तर्फबाट ११ प्रतिशत रकम कट्टा गरि कोषमा अनलाईन भुक्तानी प्रणालीमार्फत रकम जम्मा गनु पर्ने व्यवस्था रहेको छ।

# धान-चामलको आयात घट्यो



■ **सौर्य समाचार**

काठमाडौं। धान-चामलको आयात करिब ५७ प्रतिशतले घटेको छ। चालु आर्थिक वर्षको प्रथम ७ महिनामा आयात घटेको भन्सार विभागले सार्वजनिक गरेको तथ्यांकले देखाएको हो। यस वर्ष माघ मसान्तसम्ममा १० अर्ब १० करोड रुपैयाँ मूल्य बराबरको धान-चामल आयात भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा २३ अर्ब ३७ करोड रुपैयाँ बराबरको धान चामल आयात भएको थियो।

विभागका अनुसार गत साउनदेखि माघ मसान्तसम्म विभिन्न जातका पोलिस गरिएको र नगरिएको ५ करोड ५९ लाख १६ हजार ३१३ केजी चामल नेपालमा आयात भएको छ। यसको मूल्य ५ अर्ब ६८ करोड २८ लाख रुपैयाँ बराबर रहेको छ। गत आवको सोही अवधिमा नेपालले विभिन्न जातका पोलिस गरिएको र नगरिएको १५ करोड ७६ लाख १७ हजार ५२६ केजी चामल १० अर्ब ३७ करोड ७९ लाख ७८ हजार रुपैयाँ बराबरको आयात गरेको थियो।

विभागको तथ्यांक अनुसार गत आर्थिक वर्षको ७ महिनाको तुलनामा चालु आर्थिक वर्षको ७ महिनामा ४ अर्ब ६९ करोड रुपैयाँ बराबरको चामल कम आयात भएको छ। चालु आवको ७ महिनामा सात अर्ब ४२ करोड ४६ लाख रुपैयाँ बराबरको धान आयात भएको छ।

गत वर्षको सोही अवधिमा भने १३ अर्ब ५३ लाख ४४ हजार रुपैयाँ बराबरको धान आयात भएको थियो। स्वदेशमा धान उत्पादनमा केही वृद्धि भएकाले पनि धान चामलको आयात कम भएको आकलन गरिएको छ। चालु आवमा देशभर कुल ५७ लाख २४ हजार २३४ मेक्ट्रिक टन धान उत्पादन भएको छ। जुन गत आवको तुलनामा ३ लाख मेट्रिक टन बढी हो। गत आवमा गत वर्ष देशभर कुल ५४ लाख ८६ हजार ४७२ मेक्ट्रिक टन धान उत्पादन भएको थियो।

माघ मसान्तसम्म ७ अर्ब ७२ करोड ४१ लाख रुपैयाँ बराबरको मकै, २ अर्ब ३२ करोड ८३ लाख ९५ हजार रुपैयाँ बराबरको गहुँ, ५२ करोड ७६ लाख रुपैयाँ बराबरको कोदो र १५ करोड रुपैयाँ बराबरको जौ आयात भएको तथ्यांकले देखाएको छ। तथ्यांक अनुसार गत आवको सात महिनामा भने १० अर्ब ४० करोड ११ लाख रुपैयाँ बराबरको मकै र १० करोड १८ लाख ८५ हजार रुपैयाँ बराबरको गहुँ आयात भएको थियो।

# कृत्रिम तालबाट पर्यटन प्रवर्द्धनको लक्ष्य



■ **सौर्य समाचार**

तनहुँ। कृत्रिम ताल निर्माण गरी पर्यटन प्रवर्द्धन र रोजगारीको लक्ष्य लिइएको छ। तनहुँको व्यास नगरपालिका-१० दुम्सी चौरमा नारेश्वर ताल निर्माण गरी उक्त लक्ष्य हासिल गर्नेमा व्यास नगरपालिका लागेको हो। गण्डकी प्रदेश सरकारसँगको साझेदारीमा कृत्रिम ताल निर्माण गर्न लागिएको हो। पर्यटन, कृषि र रोजगारीलाई जोड्ने उद्देश्यका साथ नारेश्वर ताल निर्माण गर्न लागिएको नगरप्रमुख वैकुण्ठ न्यौपानेले जानकारी दिए। न्यौपानेका अनुसार ताल निर्माणका लागि बाँध बनाउन सुरु गरिएको छ। कृत्रिम ताल सिँचाई, मस्त्यपालनलगायत पर्यटनमार्फत आयआर्जन गर्ने उद्देश्यका साथ ताल निर्माण थालिएको न्यौपानेको भनाइ छ।

ताल निर्माणका लागि चालु आर्थिक वर्षमा गण्डकी प्रदेशको ताल संरक्षण प्राधिकरणमार्फत दश लाख, व्यास नगरपालिकाबाट ५० लाख र गण्डकी प्रदेश सरकारबाट एक करोड ५० लाख रुपैयाँ विनियोजन भएको छ। नगरपालिकाले कृत्रिम ताल निर्माणका लागि स्थानीय वासीलाई जग्गाबापत एक करोड ३७ लाख मुआब्जा वितरण गरिसकेको छ। नारेश्वर खोलाको पानी थुनेर कृत्रिम ताल निर्माणका लागि २४ रोपनी ११ आना जग्गाका लागि स्थानीय वासीलाई मुआब्जा वितरण गरिएको नगरपालिकाले जनाएको छ।

जग्गा अधिग्रहण बापत सिम र अब्बललाई प्रति रोपनी पाँच लाख ५० हजार रुपैयाँका दरले मुआब्जा वितरण गरिएको छ भने दोयमलाई प्रति रोपनी पाँच लाख ७५ हजारका दरले मुआब्जा वितरण गरिएको छ। २८ रोपनी क्षेत्रफलमा बाँध बाँधेर कृत्रिम ताल बनाउने नगरपालिकाको योजना छ।

ताल निर्माणका लागि करिब चार करोड बजेट लाग्ने अनुमान छ। तर, अहिले एक करोड ८४ लाख रुपैयाँको लागतमा ठेक्का सम्झौता गरिएको छ। ताल निर्माणको ठेक्का जिएस् निर्माण सेवाले पाएको छ। २०७५ पुस २० गते गण्डकी प्रदेशका तत्कालीन उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री विकास लम्सालले ताल निर्माणको सुरुवात गरेका थिए। तर काम अगाडि बढ्न सकेको थिएन।

तीन सय मिटर लम्बाइ रहने तालको चौडाइ २८ देखि ६८ मिटरको रहने वडाध्यक्ष खेमराज पोखेलले जानकारी दिए। तालको औसत गहिराई २.५ देखि ३ मिटरको रहनेछ भने कंक्रिट ग्राभिटी ड्यामको संरचनामा ताल निर्माण हुनेछ। आठ मिटर बाँधको उचाइ रहने तालमा बाँधको चौडाइ ६.८५ देखि १.५० मिटर रहनेछ। तालको क्षमता २५ हजारदेखि ३० हजार घन मिटरको रहनेछ।

उक्त क्षेत्रलाई पर्यटकीय गन्तव्यको रूपमा विकास गर्ने लक्ष्य राखिएको छ। 'ताल निर्माण भएसँगै यहाँका स्थानीयवासीले रोजगारी समेत पाउनेछन्,'उनले भने, 'तालसँगै अन्य संरचना पनि निर्माण भएपछि पर्यटक आकर्षित गर्न सकिनेछ।'

## कर्पोरेट

### पानी पोखरीमा नेपाल इन्भेष्टमेण्ट बैंकको शाखा




काठमाडौं। नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडले काठमाडौंको पानीपोखरीमा नयाँ शाखा विस्तार गरेको छ।

बैंकले काठमाडौं महानगरपालिका वडा नं. ३ मा सोमबारदेखि पानीपोखरी शाखा सञ्चालनमा ल्याएको हो। यो शाखा समेत गरी बैंकको शाखा संख्या २७० पुगेको छ। नयाँ शाखाबाट सोमबारदेखि नै सम्पूर्ण बैंकिङ सेवाहरू सुरू भएको बैंकको भनाइ छ।

बैंकका प्रमुख कार्यकारी अधिकृत ज्योति प्रकाश पाण्डेले नयाँ शाखाको उद्घाटन गरेका हुन्। उद्घाटन कार्यक्रममा सिइओ पाण्डेले नयाँ शाखाबाट ग्राहकहरूलाई उत्कृष्ट बैंकिङ सेवा तथा सुविधाहरू दिने बताए। हाल बैंकको २७० शाखा कार्यलय, ६३ वटा एक्सटेन्सन काउन्टर, ११३ वटा शाखारहित बैंकिङ र २६८ वटा एटिएम रहेको छ।

### टाटा टिपर एक्सचेञ्ज क्याम्प हुँदै




काठमाडौं। नेपालका लागि टाटा मोटर्सको एकमात्र अधिकारिक वितरक सिप्रदी ट्रेडिङले कमर्सियल गाडीहरूलाई लाक्षित गर्दै टाटा टिपर एक्सचेञ्ज क्याम्प आयोजना गर्ने भएको छ।

एक्सचेञ्ज क्याम्पमा जुनसुकै ब्राण्डका टिपरहरूसँग टाटा एस.के. १६१३ र टाटा एल.पि.के. २५२३ टिपर साट्न सकिनेछ। उक्त कार्यक्रम फागुन २२ र २३ गते धादिङस्थित सिप्रदी सर्भिस सेन्टर धार्केमा आयोजना हुन लागेको हो।

टाटा एस.के. १६१३ र एल.पि.के. २५२३ टिपर एक्सचेञ्ज गर्ने ग्राहकहरूले आकर्षक एक्सचेञ्ज बोनस तथा अन्य उपहारहरू प्राप्त गर्न सक्नेछन्। गाडी एक्सचेञ्ज तथा नयाँ खरिद गर्न चाहने ग्राहक यस एक्सचेञ्ज क्याम्पमा सहभागी भई फाइदा उठाउन सिप्रदीले अनुरोध गरेको छ।

### आइजीआई इन्स्योरेन्स नयाँ सञ्चालकको सपथग्रहण



काठमाडौं। आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेडको २६ औं बार्षिक साधारण सभाले आगामी ४ बर्षको लागि संस्थापक समूहबाट हेम राज ढकाल, विशाल अग्रवाल, अम्बिका प्रसाद पौडेल र कृति टिवडेवाल साथै सर्वसाधारण समूहबाट राजेन्द्र सिंह भण्डारी र अमित अग्रवाल सञ्चालक पदमा निर्बिरोध निर्वाचित भएका छन्।

त्यसैगरी कम्पनीको १४औं बैठकले उपरोक्त सञ्चालकमध्येबाट संस्थापक समूहबाट निर्वाचित सञ्चालक ढकाललाई सञ्चालक समितिको अध्यक्षमा छनोट गरेको हो। अध्यक्ष चयन भएका ढकालबाट नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल समक्ष बीमा ऐन, २०७९ को दफा ४७ को उपदफा (६) बमोजिम पद तथा गोपनियताको सपथ लिए।

त्यसैगरी, सोही बमोजिम कम्पनीको सञ्चालक समितिका अध्यक्षले विज्ञ सञ्चालक कृष्ण प्रसाद शर्मा सहित नव निर्वाचित सञ्चालकलाई पनि पद तथा गोपनियताको शपथ ग्रहण गराएका हुन्।

### माछापुच्छ्रे बैंकको ग्राहक लक्षित सुविधा



काठमाडौं। माछापुच्छ्रे बैंकले डिजिटल माध्यमबाट भएका कारोबारमध्ये कुनै कारोबार असफल भएको अवस्थामा रिपोर्ट गर्न मिल्ने सुविधा ल्याएको छ। बैंकले असफल कारोबारलाई मोबाइल बैंकिङ एप र वेबसाइटमार्फत रिपोर्ट गर्न मिल्ने सुविधा सञ्चालनमा ल्याएको हो।

यसअन्तर्गत असफल भएको कारोबारलाई रिपोर्ट गरी सो रिपोर्टको प्रोग्रेस कुन चरणमा पुगेको छ भन्ने कुराको अपडेट हेर्न सकिने बैंकले जनाएको छ। साथै असफल कारोबारको समस्या समाधानपश्चात् रकम फिर्ता भएको जानकारी मेसेज र इमेलबाट ग्राहकलाई गराइनेछ।

बैंकले असफल डिजिटल कारोबारहरु बैंकसम्म नआइकन जानकारी गराई असफल कारोबारको रकम खातामा फिर्ता लिनको लागि ग्राहक बैंकसम्म आउनुपर्ने, फोन गरिरहनुपर्ने झन्झटबाट मुक्त गराउन यस्तो सुविधा प्रदान गरेको जनाएको छ।

### एलजीको ओलेड टिभीमा निरन्तर




काठमाडौं। एलजीले विश्व टिभी बजारमा एकल पकड राख्न सफल भएको छ। ११ वर्षसम्म ओलेड टिभी बजारमा लगातार आफ्ना पकड राख्न सफल भएको कम्पनीको दावी छ। बजार अनुसन्धान कम्पनी ओएमडीआईएका अनुसार एलजीले गत वर्ष विश्व ओलेड बजारमा ३ मिलियन ओलेड टीभी शिपमेन्ट गरेर शीर्ष स्थान हासिल गरेको छ। प्रिमियम अल्ट्रा-लार्ज टेलिभिजनको माग बढ्दै गएकाले एलजीले आफ्ना ओलेड टेलिभिजन लाइनअपलाई व्यापक रेञ्जका वायरलेस ओलेड टेलिभिजन मोडेलहरूसहित विस्तार गरिरहेको पनि कम्पनीले उल्लेख गरेको छ। जसमा उच्च पिक्चर र अडियो क्वालिटीलाई प्रोत्साहित गर्दै उन्नत एआई प्रोसेसर, ए (अल्फा) ११ एआई प्रोसेसर पनि समाविष्ट रहनेछन्। एलजीको नवीनतम ओलेड टेलिभिजनले वेबओएस स्मार्ट टेलिभिजन प्लेटफर्मसहित व्यक्तिगत गृह-मनोरञ्जन अनुभव प्रदान गर्नेछ।

एलजीले नेपालमा पनि बिगत ३५ वर्ष देखि दिगो तथा वातावरणमैत्री प्रविधियुक्तका साथै विगत केही वर्षदेखि एआई सम्मिलित उत्पादनहरू भित्र्याए ग्राहकको उच्चतम सन्तुष्टि हासिल गरिरहेको बताइएको छ। नेपालभर एलजी ब्राण्डको आधिकारिक विक्रेता चौधरी ग्रुप अन्तर्गत सिजी इलेक्ट्रोनिक्स रहेको छ।

### आरएसडिसीका कर्मचारी सशक्तिकरण तालिम




काठमाडौं। आरएसडिसी लघुवित्त वित्तीय संस्थाले ग्राहक संरक्षण कोषअन्तर्गत आफ्ना साझेदार लघुवित्त वित्तीय संस्थाका कर्मचारीको क्षमता अभिवृद्धिका लागि सशक्तिकण तालिम सम्पन्न गरेको छ। वित्तीय संस्थाले कम्पनीमा कार्यरत शाखा प्रमुख र कर्जा लगानी तथा असुली विभागअन्तर्गत कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले वित्तीय संस्थाको सफलताका लागि कर्मचारी सशक्तिकरण तालिम आयोजना गरेको हो।

लघुवित्त क्षेत्रमा देखिएको चुनौतीको सामना गर्दै लघुवित्त क्षेत्रको स्थायित्वका लागि कर्मचारीको मनोवल उच्च राख्न, ज्ञान, सीप साथै क्षमता विकास गर्न तालिम केन्द्रीत रहेको बताइएको छ।

### मेरिना इम्पेक्सलाई बेष्ट टेलरिङ अवार्ड



काठमाडौ। मेरिना इम्पेक्सले यस वर्षको बेष्ट टेलरिङ अवार्ड पाएको छ। सोह्रौं कर्पोरेट बिजनेस अवार्ड प्रदान गर्न काठमाडौंमा आयोजित समारोहमा मेरिना इम्पेक्सलाइ 'बेष्ट टेलरिङ अवार्ड,२०८०' प्रदान गरिएको हो।

कर्पोरेट मिडिया ग्रुपले बिगत सोह्र बर्षदेखि बिभन्न बिधामा कर्पोरेट बिजनेस अवार्ड प्रदान गर्दै आएको छ। ग्रुपले यस वर्ष 'कर्पोरेट बिजनेश अवार्ड, २०८०' मा उद्योग, व्यापार, शिक्षा, स्वास्थ्य, पर्यटन, बैंक, इन्स्योरेन्स र नवउद्यमीलगायत विभिन्न क्षेत्रका २९ जना व्यक्ति व्यक्तित्वहरूलाई अवार्ड प्रदान गरेको हो। बेष्ट टेलरिङ अवार्डले ग्रहकमैत्रि सेवाका लागि थप प्रेरित गरेको मेरिना इम्पेक्सका अर्जुन बस्नेतले बताए। ग्रहकको चाहनालाई बुझेर बिगत ४० बर्षदेखी स्तरिय शर्टिङ, शुर्टिङ तथा टेलरिंग सेवा दिदै आएको र गुणस्तरमा सम्झौता नगर्ने भएकोले मेरिना इम्पेक्सले ग्राहकहरुको बिश्वास जितिरहेको उनले बताए।

सौर्य खेलकुद
www.souryaonline.com
का.जि.प्र.का.द.नं. ०११/०५३/०५४ गो.हु.का.द.नं. ०७/०८०/०८१



ग्लास्गोमा भएको इन्डोर एथलेटिक्स च्याम्पियनसिपमा १ सय मिटर दौडमा स्वर्ण पदक जित्ने क्रममा अमेरिकी धावक नोह लायस : एजेन्सी

महिला इङ्लीस प्रिमियरसिपको शनीवार राती भएको खेलमा चेल्सीले लिचेस्टर सिटीलाई ४-० ले हराएको छ । चेल्सीका लागि ६ सय ४१ दिन पछि मैदानमा उत्रेकी काटारिना माकारियोले सानदार प्रदर्शन गरेकी थिइन् । सोही खेलमा गोलको खसीयाली मनाउदै चेल्सीको टोली



# एपीएफ सेमिफाइनलमा प्रवेश



■ सौर्य समाचार

बिर्तामोड ।

एपीएफ फुटबल क्लब झापाको बिर्तामोडमा जारी आयोजित छैटौं झापा गोल्ड कप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ । एपीएफले सोमबार भएको क्वार्टर फाइनल खेलमा बागमती यूथ क्लबलाई ४-३ गोल अन्तरले पराजित गर्दै सेमिफाइनल यात्रा सुरक्षित गरेको हो । टाई ब्रेकरमा एपीएफका तर्फबाट सुमन श्रेष्ठ, फोडे फोफोना, कुलदिप कार्की र प्रदीप लामाले गोल गरे । बागमतीका अभि लामा, विमल घिसिङ, र दिवस लिम्बूले गोल गरे । सो टोलीका निर्मल घिसिङ र अनिल राना मगरको प्रहार एपिएफका गोलरक्षक एञ्जल श्रेष्ठले विफल बनाएका थिए ।

एपीएफ ए डिभिजन लिगबाट रेलिगेसनमा परे पनि त्यस पछि भएका नकआउट प्रतियोगितामा राम्रो प्रदर्शन गरी रहेको छ । एपीएफले पहिलो चरणको खेलमा टाई ब्रेकरमा संकटा फुटबल क्लबलाई हराउँदै क्वार्टर फाइनल प्रवेश गरेको हो । सी डिभिजनको बागमती यूथ क्लबले झापा गोल्ड कपमा पहिलो पटक सहभागिता जनाएको हो । बाई पाएर क्वार्टर फाइनल खेलेको बागमतीले उत्कृष्ट प्रदर्शन गरे पनि निर्धारित समयमा स्कोर गर्न भने सकेन ।

उमेर समूहमा उत्कृष्ट नतिजा दिलाएका प्रशिक्षक सुनिल श्रेष्ठको प्रशिक्षणमा बागमतीले पछिल्लो समय उत्कृष्ट प्रदर्शन गरी रहेको छ । सुनिलकै प्रशिक्षणमा यसै वर्ष सम्पन्न ए डिभिजन लिगमा जाउलाखेल यूथ क्लबले पनि उत्कृष्ट प्रदर्शन गरेको थियो । सोमबार भएको खेलको १० औं मिनेटमा पेनाल्टी एरियाबाट बागमतीका अनिल राना मगरले गरेको कडा प्रहार फ्रेममा पर्न सकेन । २६ औं मिनेटमा सनम धिमालले पेनाल्टी एरियाबाट गरेको प्रहार एपीएफका गोलरक्षक एञ्जल श्रेष्ठले पञ्च गरेर बचाए ।

पहिलो हाफको इन्जुरी समयमा अग्रता बनाउने अवसर बागमतीले गुमाएको थियो । बागमतीका निर्मल घिसिङको फ्रिकिक बारको नजिकैबाट बाहिरिएको थियो ।

खेलको ५४ औं मिनेटमा एपीएफका दीपेश धिमालले गरेको प्रहार पोस्टमा लागेर बाहिरिएको थियो । खेलको अधिकांश समय बल नियन्त्रणमा लिए पनि एपीएफको फिनिसिङमा कमजोरी देखिएको थियो ।

बागमती यूथ क्लबका प्रशिक्षक श्रेष्ठले रणनीतिअनुसार खेल प्रदर्शन गर्न नसकेको बताए । उनले झापा जस्तो प्रतिष्ठित गोल्ड कपमा जर्सीमा टेपिङ गर्नुपर्ने अवस्था आउनु लज्जास्पद भएको स्वीकारे । टेपिङका कारण खेलाडीले अपेक्षाकृत खेल्न नसकेको बताए । जर्सी अभावका कारण एपीएफले टेप टाँसेर खेल खेलाएको थियो । एपीएफको प्रशिक्षक सुमन श्रेष्ठले पनि पाएको अवसरको उपयोग गर्न नसकेको बताए । अवसर सदुपयोग गर्न सकेको भए निर्धारित समयमा नै स्कोर हुन सक्ने अवस्था रहेको उनले बताए । खेल अवधिभर एपिएफलाई बागमतीले दबाबमा राखेको थियो ।

खेलको प्लेयर अफ द म्याच एपीएफ फुटबल क्लबका गोलरक्षक एञ्जल श्रेष्ठ घोषित भए । उनले ११ हजार रुपैयाँ पुरस्कार पाए । पहिलो चरणको खेलमा पनि श्रेष्ठ प्लेयर अफ द म्याच भएका थिए ।

मंगलबार दोस्रो क्वार्टर फाइनल खेल एनआरटी फुटबल क्लब काठमाडौं र चर्च ब्वाइज युनाइटेड काठमाडौंबिच हुनेछ ।

# सिटीसँग युनाइटेडको हार

■ एजेन्सी

लन्डन । इंग्लिस प्रिमियर लिग अन्तर्गत म्यानचेस्टर डर्बीमा सिटीले युनाइटेडलाई पराजित गरेको छ । शनीवार राति सिटीको मैदानमा भएको खेलमा युनाइटेडलाई सिटीले ३-१ गोलले पराजित गरेको हो । युनाइटेडले रासफोर्डको गोलमा आठौं मिनेटमा अग्रता लिएको थियो । दोस्रो हाफमा भने सिटी तीन गोल गर्न सफल भयो ।

सिटीको लागि फिल फोडेलले दुई गोल गरे। उनले ५६ र ८० मिनेटमा गोल गरेका थिए ।

तेस्रो गोल गर्न अर्लिङ हालाण्ड सफल भए । हालाण्डले दोस्रो हाफको इन्ज्युरी टाइमको पहिलो मिनेटमा गोल गरेका थिए । जितसँगै अंक तालिकाको दोस्रो स्थानमा रहेको सिटीको २७ खेलबाट ६२ अंक भएको छ । शीर्षस्थानको लिभरपुलको ६३ अंक छ ।



# नेपालसँग भुटानको हार



■ सौर्य समाचार

काठमाडौं । साफ यु-१६ महिला च्याम्पियनसिपमा आयोजक नेपालले भुटानलाई ३-० ले पराजित गरेको छ । नेपालको जितमा पूजा गिरि, भीम भूमिकमाचारा बुढाथोकी र ग्यान्सु डोल्मा लोको गोल समावेश थियो । सबै गोल पहिलो हाफमा भएको हो । । नेपालका लागि १४ औं मिनेटमा पूजा गिरीले गोल गर्दै अग्रता दिलाएकी हुन् । उनले पेनाल्टी क्षेत्रबाट गरेको गोलले पोस्टको जाली चुमेको हो ।

पहिलो गोलको ४ मिनेटपछि कप्तान बुढाथोकीले गोल गर्दै अग्रता दोब्बर बनाएकी हुन् । त्यस्तै खेलको ३१ औं मिनेटमा नेपालका लागि ग्यान्सु डोल्मा लोले फ्रि किकबाट सिधै गोल गरेकी हुन् ।

डी बक्स बाहिर पाएको फ्रिकिक भुटानकी गोलरक्षक खेल्जाङ् वाङ्मोको हातको टुप्पामा लाग्दै गोल भएको हो । खेलको ३८ औं मिनेटमा भुटानले पेनाल्टी मार्फत नेपाललाई गोल फर्काउने अवसर पाएको थियो । जसमा नेपालकी गोलरक्षक झरना डुम्राकोटीले उत्कृष्ट बचाउ गरिन् ।

दोस्रो हाफमा भने दुवै टिमले मौका बनाए पनि गोल भने हुन सकेन । नेपालले पहिलो खेलमा बंगलादेशसँग २-० ले पराजित भएको थियो । भुटान भने पहिलो खेलमा भारतसँग ७-० ले पराजित भएको थियो ।

नेपालले अब बिहीबार भारतसँग खेल्ने छ । यस प्रतियोगिताको फाइनल शीर्ष २ टिमबिच २७ फागुनमा हुनेछ ।

# लुम्बिनी, बागमती, कोशी र एपीएफ सेमिफाइनलमा

■ सौर्य समाचार

तानसेन । विभागीय टिम एपीएफ पहिलो संस्करणको लुम्बिनी राष्ट्रिय महिला भलिबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेका छन् । घरेलु टोली लुम्बिनी पनि अन्तिम चारमा प्रवेश गर्न सफल भएको छ । बागमती र कोशी प्रदेश सेमिफाइनल प्रवेश गर्ने अन्य दुई टोली रहे । सोमबार सम्पन्न भएका लिग चरणको अन्तिम खेलमा जित हात पार्दै यी चार टिम प्रतियोगिताको अन्तिम ४ मा प्रवेश गरेका हुन् ।

पाल्पाको रामपुरमा जारी प्रतियोगितामा एपीएफले गण्डकी प्रदेशलाई २५-७, २५-१ र २५-९ को सोझो सेटमा हराएको हो । सोमवार भएको पहिलो खेलमा मधेश प्रदेशले सुदूरपश्चिम प्रदेशलाई २१-२५, २५-२०, २



सेमिफाइनल प्रवेश गर्न सफल एपीएफ टोली

९-३१, २५-२२ र ६-१५ को सेटमा हराएको हो । लुम्बिनी प्रदेशले कर्णाली प्रदेशसँगको खेलमा १९-२५, २५-१, २५-१० र २५-१७ को सफलता पायो । कोशी प्रदेशले सुदूरपश्चिमलाई २५-२०, २५-१९ र २५-१४ को सेटमा हराउँदा बागमती प्रदेशले मधेश प्रदेशलाई २५-६, २५-८ र २५-१३ को सेटमा पराजित गऱ्यो । सोमबार लिग चरणको खेल सकिएसँगै सेमिफाइनलको समिकरण पुरा भएको छ ।

मंगलबार पहिलो सेमिफाइनलमा एपीएफले कोशी प्रदेश र बागमती प्रदेशले लुम्बिनी प्रदेशसँग खेल्नेछन् ।

प्रतियोगिताको विजेताले २ लाख ५० हजार, दोस्रो हुनेले १ लाख ५० हजार, तेस्रो हुनेले ७५ हजार र चौथों हुनेले ३५ हजार रुपैयाँ पाउने छन् ।

पाल्पा जिल्ला भलिबल संघको आयोजना भएको प्रतियोगिता लिग कम नकआउटका आधारमा सञ्चालन भैरहेको छ । प्रतियोगितालाई लुम्बिनी प्रदेश खेलकुद विकास परिषद्ले मुख्य पायोजन गरेको छ ।

## विश्व

# शिक्षकबाट आफ्नै छात्रालाई एसिड प्रहार



■ एजेन्सी

इस्लामबाद । पाकिस्तानको कराँची सहरमा एक शिक्षकले आफ्नै विद्यार्थीमाथि एसिड प्रहार गरेका छन् । सो घटनामा विद्यार्थी गम्भिर जलेका छन् र उनलाई अस्पताल भर्ना गरिएको छ । आरोपित शिक्षक भने पक्राउ परेका छन् ।

प्रहरीका अनुसार कक्षामा केही विषयलाई लिएर शिक्षक र छात्राबीच झगडा भएको थियो । यसबाट शिक्षक निकै रिसाएर बदला लिने नियतले एसिड प्रहार गरे थिए ।

घटना शनिबार भएको र आइतबार प्रहरीले यसबारे जानकारी गराएको थियो । कराँचीको पोश क्षेत्र निपा चौरङ्गीमा एउटा विद्यालय छ, अलिशा नामकी ती विद्यार्थी त्यहाँ पढ्छिन् । शनिबार कक्षामा शिक्षक इफ्तिखारसँग उनको झगडा भएको थियो ।

स्कुल सकिएपछि अलिशाका दुई मामा उनलाई लिन स्कुल आए । इफ्तिखार विद्यालयबाहिर एक ठाउँमा एसिड प्रहार गरी उभिएका थिए । उनले पहिले अलिशासँग झगडा गरेपछि उनीमाथि एसिड हाने । अलिशाका मामाले उनलाई रोक्न खोजे तर उनीहरू शिक्षकले हानेको एसिडबाट जल्न पुगे ।

घटना लगत्तै आरोपी इफ्तिखार पक्राउ परेका थिए । अलीशा हाल कराँचीको एक अस्पतालमा भर्ना छिन् । उनका काका नोमान र फैजान डिस्चार्ज भएका छन् ।

# हाइटीमा ७२ घण्टा निषेधाज्ञा

**हाइटीका सञ्चार माध्यमले जनाए अनुसार सो सशस्त्र ग्याङले जेलमा आक्रमण गर्नु अगाडी धेरै पुलिस स्टेसनमा आक्रमण गरेर त्यस क्षेत्रमा ध्यान आकृष्ट गरेको थियो**

■ एजेन्सी

पोर्ट आउ प्रिन्स । राजधानी पोर्ट आउ प्रिन्सको जेलमा एक सशस्त्र ग्याङले आगजनी गरे पनि हाइटीमा ७२ घण्टाको आपत्काल घोषणा गरिएको छ । सो घटनामा १२ जनाकाको ज्यान गएको छ भने जेल ब्रेक गरेर ३ हजार ७ सय जना भागेका छन् । विदेशमा रहेका प्रधानमन्त्री एरियल हेन्रीलाई पदच्युत गर्न चाहेका छन् । सो बन्दरगाह क्षेत्रको ८० प्रतिशत भूभाग नियन्त्रणमा लिएको ग्याङले उनलाई कनै पनि हालतमा पद च्युत गर्न चाहेको हो ।

सरकारले राजधानीमा रहेको एक तथा अलि पर रहेको अर्को एक जेलमा यस किसिमको घटना एक साता देखि भएको जनाएको छ । सरकारले यस घटनाका कारण राष्ट्रिय सुरक्षामा अप्ठेरो भएका कारण रात्रि कालीन निषेधाज्ञा जारी गरिएको जनाएको छ ।

हाइटीका सञ्चार माध्यमले जनाए अनुसार सो सशस्त्र ग्याङले जेलमा आक्रमण गर्नु अगाडी धेरै पुलिस स्टेसनमा आक्रमण गरेर त्यस क्षेत्रमा ध्यान आकृष्ट गरेको थियो । सन् २०२१ मा राष्ट्रपति जोभेनेल मोइसको हत्यामा संलग्न समूह नै सो घटनामा संलग्न भएको आशंका गरिएको छ ।



केन्याको नेतृत्वमा हाइटीमा बहुराष्ट्रिय सुरक्षा दस्ता पठाउने विषयमा वार्ता गर्न प्रधानमन्त्री नैरोबी गए पछि बिहीबार देखि हिंसा भड्किएको हो । सो जत्थाका प्रमुख जीम्मी केरेजर उनलाई कनै पनि हालतमा हटाउनका लागि संगीत आक्रमण गर्ने बताउँछन् । एयु प्रिन्स बन्दरगाहमा विगतमा भएका सात वटा नरसंहारमा संलग्न भएको आरोप लागेका पूर्व प्रहरी अधिकारी उनले प्रधानमन्त्रीलाई बरखास्त गर्नका लागि सहर र राजधानी मात्र नभई गाउँमा समेत आक्रमण गर्ने चेतावनी दिएका छन् ।

हाइटी प्रहरीले त्यहाँको सेनासँग हार गुहार गरे पनि शनिवार बेलुकासम्म पनि विद्रोहीको प्रभावमा सो क्षेत्र रहेको थियो । आइतबार जेलको ढोका खुलै थियो । भाग्न खोजेका तीन जनाको शव भने आँगनमै थियो । अर्का एक सञ्चारकर्मीले बन्दुकले घाइते भएको लक्षण देखिएको १० जनाको शव त्यहीँ देखेको उल्लेख गरेको छ ।

जेलमा कार्यरत एक स्वयंसेवक कर्मचारीले रोयटरलाई जनाए अनुसार क्रस फायरमा मारिने डरले ९९ जना त्यही रहेका थिए । यसरी डराउने मध्ये पूर्व राष्ट्रपतिको हत्या आरोप लागेका सैनिक लगायत छन् ।

अमेरिकी दूतावास र फ्रान्सेली दूतावासले त्यहाँ रहेका आफ्ना नागरिकको उद्धार गर्न सुरु गरी सकेको छ । उनीहरूले हरेक नागरिकलाई तत्काल त्यस स्थान छाड्न भनेका छन् ।

हाइटीमा वर्षौं देखि हिंसा भडि्करहेको छ । यसै क्रममा सन् २०२१ मा राष्ट्रपति मोइसको हत्या भए पनि उनलाई कसैले पनि प्रतिस्थापन गरेका छैनन् । सन् २०१६ पछि त्यहाँ निर्वाचन भएको छैन । त्यहाँ भएको राजनीतिक समझदारी अनुसार ७ फेब्रुअरीका दिन हेन्रीले पद त्याग गर्नु पर्ने थियो । तथापि उनी पदमा यथावत् नै छन् ।

राष्ट्रपति हत्या पछि काम चलाऊ भएका तथा अहिले हेन्रीका विपक्षी नेता क्लाउड जोसेफले हेन्रीले जत्ति सक्दो लामो समय पदमा रहने चाहना गरेको कारण यो समस्या आएको बताएका छन् ।